सुर्तीजन्य पदार्थको सेवनबाट विभिन्न किसिमका क्यान्सर (फोक्सो, मुख, घाँटी, रगत, पेटलगायतका शरीरका अङ्गहरू), मुटुसम्बन्धी रोगहरू, हृदयघात, मस्तिष्कघात, दम, खोकी, क्षयरोग, निमोनिया र श्वासप्रश्वाससम्बन्धी दीर्घकालीन रोग लाग्न सक्दछ।
त्यसैले सुर्तीजन्य पदार्थ सेवन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

जनहितमा जारी सन्देश
- आफ्नो घर सफा राखेजस्तै आफ्नो शहर पनि सफा राखौं।
- घर सफा भयो भने रोग लाग्दैन, शहर सफा भयो भने प्रदूषण हुँदैन, रोगवाहक कीरा-फटयाङ्ग्रा हुर्कँदैनन्।
- सफा रहनु देवत्व हो, फोहर दानवी प्रवृत्ति हो।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन ३१ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 15 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४४

## शिक्षापछि महानगर स्वास्थ्यमा आरक्षण प्रदान गर्ने तयारीमा

प्रस, वीरगंज, ३० साउन/
वीरगंज महानगरपालिकाका प्रमुख



राजेशमान सिंहले शैक्षिक क्षेत्रमा छात्रवृत्ति कार्यक्रम सफल भएसँगै महानगरमा रहेका निजी अस्पतालहरूबाट पनि गरीब, विपन्न, दलित, अपाङ्ग, जनजातिहरूका लागि १० प्रतिशत शय्यासहितको निश्शुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन पहल शुरू गरेका छन्।

नगरप्रमुख सिंहले वीरगंजमा रहेका ३१ वटा निजी अस्पतालका सञ्चालक/प्रबन्धकहरूलाई साउन २८ गते महानगरमा भेला गरेर सरकारी निर्देशन अनुसार निर्धारित अस्पतालको शय्याको १० प्रतिशत निश्शुल्क सेवा उपलब्ध गराउन आग्रह गरे। उनले अस्पतालहरूको शय्या तोके अनुसार १० प्रतिशत र अस्पतालमा रहेका सबै प्रकारका औषधि, प्रयोगशालाबाट पनि निश्शुल्क सेवा दिन आग्रह गरे।

उनले वीरगंजमा रहेका निजी अस्पतालहरूको गुणस्तरमा सुधार नभएकै कारण यहाँका बिरामीहरू चितवन, काठमाडौं रेफर भइरहेकाप्रति सञ्चालक, प्रबन्धकहरूको ध्यानाकर्षण गराए। उनले निजी अस्पतालहरूले सेवाको नाममा बिरामीहरूलाई ठगिरहेको आरोप लगाए।

बिरामीको सेवाभन्दा उनीहरूसँग अस्पतालले आर्थिक दोहन गरिरहेको नगरप्रमुखको आरोप छ। उनले १० प्रतिशत निश्शुल्क सेवा महानगरका सबै अस्पतालले बेहोर्नुपर्ने अन्यथा कारबाई हुने चेतावनी पनि दिए। उनले यसका लागि निजी अस्पतालहरूले मापदण्ड तयार गरेर पेश गर्न सुझाए।

सहभागी अस्पतालहरूका सञ्चालक/निर्देशकमध्ये भवानी अस्पतालका राम श्रेष्ठ, नेपाल मेडिसिटी वयोधा अस्पतालका विजय रिमाल, स्पर्श मल्टिस्प्यासिलिटीका महेश्वर कुर्मीले निजी अस्पतालहरूमा बिरामीहरूको सङ्ख्या न्यून रहेको बताए। उनीहरूले वीरगंजमा १५ देखि सय शय्यासम्मका अस्पताल सञ्चालनमा रहेका र त्यहाँ बिरामी क्षमताअनुरूप नहुँदा १० प्रतिशत निश्शुल्क सेवाप्रवाह गर्न समस्या हुने बताए। उनीहरूले यसका लागि महानगरले विचार गर्नुपर्ने सुझाव दिए।

साउन २८ गतेको पहिलो चरणको यससम्बन्धी छलफल टुङ्गो नलागेको कारण आगामी भदौ ६ गते अर्को बैठक बोलाइएको छ। महानगरले यसअघि वीरगंजमा रहेका संस्थागत विद्यालयहरूबाट १० प्रतिशत छात्रवृत्ति प्रदान गर्दै आएको छ। यो शैक्षिक सत्रसहित महानगरले छात्रवृत्ति प्रदान गर्न लागेको तेस्रो वर्ष भएको छ। महानगरमा ९१ वटा सामुदायिक विद्यालय छन् भने १६८ वटा संस्थागत विद्यालय छन्। गत वर्ष संस्थागत विद्यालयमा सात सयजना जेहेन्दार, अपाङ्ग, दलित, विपन्न र आन्दोलनमा घाइते तथा शहीद परिवारका छोराछोरीलाई छात्रवृत्ति प्रदान गरिएको नगरप्रमुखका जनसम्पर्क सल्लाहकार नवराज फुयाँलले बताए।

उनले अनलाइनमार्फत संस्थागत विद्यालयहरूमा अध्ययनरत मापदण्ड तोकिएका विद्यार्थीहरूले फाराम भरेर छात्रवृत्तिको दाबी गर्न सकिने बताए। कतिपय संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले छात्रवृत्तिको लागि फाराम नै नभरेको उनले बताए।

## धारिलो हतियार प्रहार गरी वृद्धको हत्या

प्रस, रौतहट, ३० साउन/
गौर नगरपालिकाको कोइरीटोलस्थित धानखेतमा एकजना वृद्ध व्यक्तिको धारिलो हतियार प्रहार गरी हत्या गरिएको छ।

गौर नगरपालिका वडा नं ५ कोइरीटोलस्थित धानखेतमा सोही वडा निवासी ७४ वर्षीय अनिरुद्ध महतो कोइरीको धारिलो हतियार प्रहार गरेर हत्या गरिएको अवस्थामा स्थानीयले बुधवार बिहान देखेपछि प्रहरीलाई जानकारी गराएका थिए।

प्रहरीले जानकारी पाउना साथ प्रहरी उपरीक्षक दिलीप घिमिरे, प्रहरी नायब उपरीक्षक एलिजा गिरीसहितको टोली घटनास्थलमा पुगेर अनुसन्धान शुरू गरेको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ।

कोइरीटोलमा रहेको झोलुङ्गे पुलदेखि पश्चिमतर्फ धानखेतमा हत्या गरेर बेवारिसे अवस्थामा स्थानीयले वृद्धको शव फेला परेका थिए।

(बाँकी अन्तिम पातामा)

## २० महिलासहित १०८ जनाद्वारा रक्तदान


तस्वीरः प्रतीक

प्रस, वीरगंज, ३० साउन/
नेपाल औषधि तथा बिक्री प्रतिनिधि सङ्घको वार्षिकोत्सवमा कलवार धर्मशाला वीरगंजमा बुधवार आयोजित रक्तदान कार्यक्रममा २० जना महिलासहित १०८ जनाले रक्तदान गरेका छन्।

रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले रक्तदान कार्यक्रममा चिरञ्जीवी बोहरा, रविकरण साह, चन्द्रशेखर परियार, रोशनी परियार, अनुराग गुप्ता, मुस्कान विश्वकर्मा, सरिना थापा, कृसु नेपाल, रश्मी गुरुङ, ज्योति चौरसिया, अनिल राउत, शिवशङ्कर चौधरी, रूपक सिंहलगायतले रक्तदान गरेको बताए।

## दुई ठूला दलले दुई दलीय व्यवस्था लाद्दै छन् -डा सिके राउत



तस्वीरः प्रतीक

नरेश यादव, पर्सागढी, ३० साउन/
जनमत पार्टीका अध्यक्ष डा सिके राउतले पर्सा जिल्ला अहिलेको अवस्थामा जनमतमय भएको बताएका छन्।

बुधवार वीरगंजमा आयोजित कार्यक्रममा उनले आफूले कल्पना गरे अनुसार अहिले पर्सा जिल्ला जनमतमय हुँदै गएको बताए। उनले वर्तमान सरकारको आलोचना गर्दै दुई ठूला दलले अरू दलहरू नरहने व्यवस्थामा लागिपरेको बताए। अध्यक्ष डा राउतले दुई ठूला दलले अहिले दुई दलीय व्यवस्था बनाउँदै गरेको र त्यसको उदाहरण राजदूत नियुक्तिलाई लिन सकिने बताए।

उनले राजदूत नियुक्ति समावेशी नभएको बताए। यसैगरी, मधेस प्रदेश सरकारले गरेको मन्त्रिपरिषद् विस्तारको पक्षमा बोल्दै केन्द्रीय सरकारले जतिवटा मन्त्रालय र मन्त्रीहरू बनाउँदा पनि हुने तर प्रदेश सरकारले मन्त्री बढाउँदा आर्थिक भार हुने भनेर आलोचना गर्नु न्यायोचित नभएको बताए। अध्यक्ष डा राउतले नेपालको संविधान १० वर्षमा बदलिने गरेको र संविधानमा लेखिएका कुराहरू पनि कार्यान्वयन नहुने गरेको भन्दै अधिकारप्राप्तिको लागि सदैव सङ्घर्ष गरिरहनुपर्ने बताए। उनले अहिले आफ्नो कुरा सदनमा नसुन्ने गरिएको र अधिकारको लागि सडकमा आउनुको विकल्प नरहेको बताए।

अधिकारको लागि नलड्ने हो भने अधिकारविहीन भइन्छ भन्दै उनले अधिकारको लागि सदैव कार्यकर्ताहरूलाई सडक तताउन सुझाए। उनले सङ्घीयताविरुद्ध षडयन्त्र भइरहेको भन्दै कुनै पनि अवस्थामा सङ्घीयता खारेजीको विरोधमा खडा हुन कार्यकर्ताहरूलाई निर्देशन दिए।

कार्यक्रममा जनमतका करिमा बेगम, मुकेश द्विवेदी, रम्भा मिश्रलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रम जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफको अध्यक्षतामा भएको थियो भने सहजीकरण राजुराज गिरीले गरेका थिए।

## खोलामा डुबेर वृद्धको मृत्यु, बालिका बेपत्ता

प्रस, जनकपुरधाम, ३० साउन/
सर्लाहीको बलरा नगरपालिका-१ हथिऔलस्थित मनुष्मारा खोलामा डुबेर बुधवार एकजना वृद्धको ज्यान गएको छ भने एक बालिका बेपत्ता छिन्।

बुधवार बिहान करीब १० बजे घाँस काटेर घरतर्फ फर्किरहेका बालिकाहरू मनुष्मारा खोलामा डुबेको देखेपछि उद्धार गर्न पुगेका वृद्धको डुबेर मृत्यु भएको हो। बालिकाहरूलाई बचाउन भनी खोलामा पसेका बलरा नगरपालिका-१ का ६० वर्षीय गजेन्द्र साहको खोलामा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले

(बाँकी अन्तिम पातामा)

JAGDAMBA STEEL
देशको मेरुदण्ड
WARM WISHES
FROM
JAGADAMBA STEEL PVT. LTD.
ON THE OCCASION OF
India's 78th
Independence Day

नेशनल मेडिकल कलेज शिक्षण अस्पताल वीरगंजको सूचना
यही आँउदो २०८१ भदौ १ गतेदेखि यस नेशनल मेडिकल कलेज शिक्षण अस्पताल, वीरगंजमा नेपाल सरकारको विपन्न नागरिक औषधि उपचार सेवा अन्तर्गत मुटु (हृदय) रोग, हेड तथा स्पाइन इन्जुरीसमेतका बिरामीहरूको उपचारमा रु १,००,०००/- (एक लाख)सम्मको उपचार खर्च सहुलियत नेपाल सरकारबाट प्रदान गरिनेछ। साथै नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम भदौ १ गतेबाट सञ्चालन भइरहेको पनि जानकारी गराउन चाहन्छौं। उक्त सहुलियतको लाभ उठाउन सम्पूर्ण सर्वसाधारणमा अनुरोध छ।
सम्पर्क नं.: ०५१-५९१०१४, ५९१३२०, इमेलः nmc@nmcbir.edu.np
नेशनल मेडिकल कलेज शिक्षण अस्पताल परिवार

We extend our heartiest Felicitation to the people of India and the Friends working in the office of Consulate General of India, Birgunj on their 78th Independece Day.
Prateek Daily

SURYA NEPAL
WARM WISHES
FROM
SURYA NEPAL PVT. LTD.
ON THE OCCASION OF
India's 78th
Independence Day

### विचारसार एवं सूक्तिहरू

**शान्ति मात्र खोज्नुस्, आवश्यकता त कहिले पनि पूरा हुँदैन ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

## पालिकामा बेमेल

**बाराको जीतपुरसिमरा उपमहानगरपालिकामा नगरप्रमुख र वडाध्यक्षबीच घम्साघम्सी भयो। यता पर्साको कालिकामाई गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरूले तालाबन्दी गरिदिएका छन् । यहाँ कर्मचारी आन्दोलनमा जनप्रतिनिधिहरूबीचको मनमुटाव एवं बेमेल छताछुल्ल सडकमा पोखिएका छन्। यसो त अपवादबाहेक अधिकांश पालिकाका समस्या उस्तै छन्। जनप्रतिनिधिहरूबीच समूह–उपसमूह, गुट–उपगुट अनि मनमुटाव देखिन्छ । स्थानीय तह अर्थात् पालिकाहरूमा जनप्रतिनिधिहरूबीचको मनमुटावले विभिन्न समस्याहरू देखिएका छन्। मुख्यतः योजना र विकास निर्माण प्रक्रिया अगाडि बढ्न सकेको छैन। जसका कारण आधारभूत संरचना, शिक्षा, स्वास्थ्य र अन्य सेवा क्षेत्रको प्रगतिमा अवरोध छ । प्रतिनिधिहरूबीचको असहमतिले नागरिकका लागि अति आवश्यक सेवाहरू समयमा र प्रभावकारीरूपमा प्राप्त नहुन सक्छ । स्थानीयस्तरका वास्तविक समस्याहरू समाधान गर्नेभन्दा पनि एक पक्षले समाधान खोज्दा अर्को पक्षले झन् उछाल्ने, अल्झाउने र लम्ब्याउनेतर्फ लाग्छन् । एक पक्षले जस पाएको अर्को पक्षले हेर्न सक्दैन । यसले स्थानीय बासिन्दाहरूलाई थप कठिनाइ भोग्नुपर्ने हुन्छ ।**

**पालिका आफैंमा एउटा सरकार हो, यसले आफ्नै स्रोत, विधिविधानमा रहेर नागरिकलाई सेवाप्रवाह गर्ने हो । तर जनप्रतिनिधिहरूबीचमा नै मनमुटाव हुँदा नीतिगत कामहरूमा एकमत हुन सकिंदैन । जनप्रतिनिधिहरूबीचको मनमुटावले समाजमा असन्तुलन र तनाव उत्पन्न गर्न सक्छ, जसले सामाजिक एकता र समृद्धिमा समेत नकारात्मक असर पर्छ। पालिकामा लागू हुने वा भएका आयोजना र योजनाहरू पूर्ण गर्न कठिनाइ हुन्छ। यसो हुँदा पालिका र जनप्रतिनिधिप्रतिको सार्वजनिक विश्वासमा कमी आउनेछ । जसले स्थानीय प्रशासनको प्रभावकारिता र स्थिरता प्रभावित हुन पुग्छ भने पारदर्शिता र जवाफदेहिता हराउँछ। जसले जनप्रतिनिधिहरूको कार्यसम्पादन, निगरानी र मूल्याङ्कनमा समस्या हुन सक्छ ।**

**पालिकाहरूमा जनप्रतिनिधिहरूबीच मनमुटाव हुनुमा विभिन्न कारणहरू छन् । मुख्यतः वैचारिक आस्थामा फरक पर्नाले हो। फरक आस्थाका कारण राजनीतिक दल वा समूहहरूको बीच एकै घटनालाई हेर्ने तरीका अर्थात् दृष्टिकोण फरक बन्न जान्छ। जसले मनमुटाव उत्पन्न हुन्छ । अर्को रह्यो शक्ति शक्तिको दबाब। स्थानीय तहमा विभिन्न स्तरका भित्री वा बाहिरिया शक्तिको प्रभाव हुन सक्छ । त्यस्ता शक्तिले जनप्रतिनिधिहरूलाई प्रभाव वा दबाबमा राख्न खोज्ने हुँदा त्यहाँ जनप्रतिनिधिहरूबीचमा मनमुटाव सृजना भइदिन्छ । वित्तीय विवाद, बजेटको वितरण, आर्थिक प्राथमिकताहरू र वित्तीय व्यवस्थापनमा असहमतिहरू मनमुटावका प्रमुख कारण हुन सक्छन्। संसाधनको उचित वितरणमा विवाद हुँदा समस्या उत्पन्न हुन्छ। कतिपय अवस्थामा जनप्रतिनिधिहरूबीच व्यक्तिगत लाभ र महत्त्वाकाङ्क्षाका कारण पनि मनमुटाव शुरू भएका छन्। स्थानीय प्रशासन सञ्चालन तथा नीति निर्माण प्रक्रियाबारे आवश्यक ज्ञान र शिक्षाको अभावले पनि जनप्रतिनिधिबीच [redacted] किनभने ज्ञानको अभावमा बुझाइ [redacted]नीय तहमा विवाद र निकम्मापनले [redacted]तोष र अस्थिरता पैदा गर्ने हुँदा [redacted]को जनविश्वासलाई धूमिल पार्नेछ। [redacted]धिको समयमा चेत खुल्न जरुरी [redacted]**

# लेनसहितको सडक : अहिलेको आवश्यकता

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**कहिले कुन सवारीसाधन कतिको गतिमा आइपुग्छ भन्ने निश्चित हुँदैन । यस अवस्थामा चालक मोबाइल फोनमा व्यस्त छ भने बढी भीडभाडमा दुर्घटना निम्तिने सम्भावना हुन्छ । यस अवस्थामा यदि लेनयुक्त सडक हुन्छ भने यस किसिमको दुर्घटना कम हुन्छ ।**

अहिले सडक दुर्घटना निकै बढेको छ। जे जति जानकारीमा आउँछ, सडक दुर्घटना त्यसभन्दा केही बढी नै हुनुपर्छ। सडक दुर्घटनाको मूल कारण सडकमा हुने भीडभाड नै हो। अहिलेको समयमा पाँच सय मिटर पनि कोही हिंड्न चाहँदैन। कुनै सवारी साधनको सहारा लिन चाहन्छ। घरबाट बजार जानुछ भने रिक्शा खोज्दछन् । यसैगरी आफूसित सवारी साधन छ भने तुरुन्त सवारी साधन लिएर जाने बानी परिसकेको छ । यसकारण शहरी क्षेत्रमा प्रायः हरेक परिवारमा एकभन्दा बढी सवारी साधन भइसकेको छ। साइकल, मोटरसाइकल र कारसम्म व्यक्तिले प्रयोग गरिरहेको देखिन्छ। बजारमा ई–रिक्सा पनि पर्याप्त चल्दछ। यसरी बजार कस्तो र कत्रो छ, यसमा मुख्य सडकको व्यस्तता निर्भर हुन्छ । अहिलेको प्रवृत्ति यस्तो छ, जति ठूलो शहर त्यति व्यस्त मानिस र जति व्यस्त मानिस त्यति व्यस्त सडक। सडक व्यस्त हुनुको अर्थ मानिसको हतार हो । जहाँ हतार हुन्छ त्यहाँ सडक दुर्घटना हुनु स्वाभाविक हो । यसैले अहिले सडक दुर्घटना बढेको हुनुपर्छ ।

पहिले एउटा प्रश्न गरिन्थ्यो, सडकमा पहिलो अधिकार कसको ? अर्थात् सार्वजनिक सडकमा पैदल यात्रीको कुनै स्थान हुन्छ कि ? अनि बिस्तारै सडकको पेटीलाई पैदल यात्रीको लागि सुरक्षित मान्न थालियो । अहिले पनि सडकको पेटीमा सबैभन्दा बढी पैदल यात्री हिंडेको पाइन्छ तर कतैकतै यसलाई पसल थाप्ने सुरक्षित स्थानको रूपमा पनि प्रयोग गरिएको पाइन्छ। सडकपेटीलाई पसलको रूपमा उपयोग गर्दा फेरि पनि सडकमा चाप बढ्ने हुन्छ। जहाँ पैदल यात्री सुरक्षित हुनुपर्ने हो त्यहाँ अब पैदल यात्रीलाई सवारी साधनदेखि निकै बढी सतर्क भएर हिंड्नुपर्ने हुन्छ। सम्भवतः कुनै पनि सडक पेटीमा पसल थाप्नु राम्रो मान्न सकिंदैन तर कतिपय अवस्थामा सडकपेटीलाई कतिपयले आफ्नो अधिकार ठानेर हरेक दिन उही स्थानमा पसल थाप्छन् र वास्तवमा जो सडकपेटीमा हिंड्ने हकदार छन् तिनीहरू डराउनुपर्ने अवस्था हुन्छ। सडकलाई आवागमनका लागि सुरक्षित बनाउन सडकपेटीको वास्तविक उपयोग हुनु नै पर्छ ।

सडकमा मानिस वा सवारी साधन एकोहोरो हिंड्दैन, गुड्दैन । दोहोरो आवतजावत भइरहन्छ । ठूला बजार क्षेत्रमा यो अझ घनीभूत हुन्छ। मानिस वा सवारी साधन लाग्दछ सडकमा तरल पदार्थ बगिरहेको छ । अलिकति कुनै अवरोध आउनासाथ सवारी साधन रोकिन्छ र जब सवारी साधन रोकिन्छ तब मानिसलाई निकै छटपटी हुन थाल्छ। कुनै कारणले केही बेर बाटो बन्द हुने अवस्था देखेमा मानिसहरू त्यहाँबाट फर्कने बाटो खोज्न थाल्छन्। त्यहीं बाटो मोडिन चाहन्छन् । अनि समस्या हुन थाल्छ । हरेक मानिसलाई हतारो छ । समयमा पुग्नुछ। यसकारण जाम त सहन चाहँदैनन् तर शहरमा यो बाध्यता हुन्छ। शहरिया बाध्यताले धेरै क्षेत्र प्रभावित भइरहेको हुन्छ। मानौ कतै निरन्तर जाम भइरहन्छ भने त्यसले असर गर्ने क्षेत्र धेरै हुन्छ। हरेक मानिसले बिस्तारै हिंड्नुपर्ने वा गुड्नुपर्ने बाध्यता हुन्छ । तिनको समय त्यतिकै खेर गइरहेको हुन्छ। समय जति मूल्यवान त केही हुँदैन भन्ने कुरो सबैले बुझेकै हुन्छन् ।

अनि निकै महँगो किनेको पेट्रोलियम पदार्थको पनि खर्च भइरहेको हुन्छ। हरेक दिन देशमा जाममा मात्र कति डिजल र पेट्रोल खर्च हुन्छ होला ? कसैले हिसाब गरेको छैन। यसैगरी हरेक दिन जाममा मानिसको कति समय खर्च हुन्छ ? यो पनि कसैले सोचेको छै होला । समय त बाहिरबाट किन्नुपर्दैन तर पेट्रोलियम पदार्थ त किन्नुपर्छ देशले। अनि महँगोमा किनेको पदार्थ त्यत्तिकै जाममा परेर धूवाँमा उडाउनुपर्छ । देशको पैसा यसरी पनि बर्बाद भइरहेको हुन्छ र प्रदूषण पनि बढिरहेको हुन्छ। धेरै बेर जाममा परेको मानिसलाई थाहा हुन्छ, शरीर र मनको के अवस्था बन्छ । यसरी मानिसको स्वास्थ्यमा हानि पुऱ्याउने, सम्पूर्ण वातावरणमा नकारात्मक प्रभाव पार्ने तथा देशले विदेशी मुद्रा खर्च गरेर किनेको महँगो पेट्रोलियम पदार्थको उपयोग हुन नपाउने जामको विकल्प खोज्नैपर्छ । जामको एउटा ठोस विकल्प अहिलेदेखि नै खोज्नु आवश्यक छ। अहिलेको समयको माग पनि हो, यात्रा जाममुक्त हुनुपर्छ । समय बचाउने किसिमको यात्रा हुनुपर्छ। सडकलाई सुखद यात्राको साधन बनाउन एउटा विकल्प हो लेनयुक्त सडक। अर्थात् हरेक सडक आफैंमा लेन हुनुपर्छ । यदि एउटा सडकको बीचमा डिभाइडर राख्न वा स्थायी डिभाइडर बनाउने ठाउँ छैन वा सडक साँघुरो छ भने त्यसलाई एकतर्फी बाटो घोषणा गर्नुपर्छ। एकतर्फी बाटो भयो भने मानिसलाई अगाडिबाट कोही आउँदैन भन्ने हुन्छ र समयको बचत हुनेगरी सवारी साधन चलाउन पाउँछ । यदि सडक कुनै पनि हालतमा एकतर्फी गराउन सकिने छैन भने साँघुरो सडकलाई पनि पहिले एकातर्फबाट सवारी साधन जाने समय निर्धारण गर्नुपर्छ । एक घण्टा यताबाट र अर्को एक घण्टा उताबाट। अनि उक्त समयको परिपालन गर्न स्थानीयलाई सिकाउनुपर्छ, बानी पार्नुपर्छ। ट्राफिक प्रहरीले एकदम कडाइ गर्नुपर्छ । यस किसिमको अभ्यासले सर्वसाधारणमा बिस्तारै सचेतना आउँछ र समयको परिपालन गर्ने बानी विकसित भएर दुर्घटना कम हुने तथा सबैको समय पनि बचत हुन्छ ।

अब जति सडक निर्माण हुन्छ, त्यसमा लेन छुट्याउनैपर्छ । चालू अवस्थाको सडकमा यदि लेन छुट्याउन मिल्छ भने गरिहाल्नुपर्छ। लेन छुट्याएपछि यताबाट उता र उताबाट यता गर्न पाउने हुँदैन । हो, क्रसिङ हुने ठाउँमा चाहिं घुम्न पाउँछ । मज्जाले सवारी साधन चलाउन पाउने तथा जाम पनि नहुने लेनको विकास गर्नु उचित देखिन्छ । अहिले जसरी युवाहरूले सडकमा मोटरसाइकल हुँइकाउँछन् र जसरी कारको गति राख्छन्, यिनीहरूले पनि सडकको सुरक्षाको माग गरिरहेका हुन्छन्। अनि लेनयुक्त सडकको व्यवस्था र व्यवस्थापन हुन सकेमा निस्सन्देह ट्राफिक प्रहरीको काम पनि कम हुन्छ। सडक दुर्घटना कम हुन्छ भने ट्राफिक प्रहरीको लोड केही कम हुन जाँदा अन्य काममा ध्यान दिन सजिलो हुन्छ। सडक सुरक्षाले ट्राफिकको सम्मानमा वृद्धि हुन्छ। मुख्य कुरा त मानिसलाई घाउचोट लाग्नेजस्ता समस्या मा न्यूनता आउँछ। सडकमा लेन व्यवस्थापन अहिलेको जल्दोबल्दो आवश्यकता भइसकेको छ। सडक सुरक्षा कसलाई नचाहिएको होला ? माथि नै भनिएको छ, सवारी साधन नभएको घर छैन । घरको कुराभन्दा पनि बजार क्षेत्रमा व्यक्तिको हकमा हरेक व्यक्तिसित सवारी साधन छ ।

वर्तमान समयमा अगाडिबाट, पछाडिबाट, दुवै छेउबाट कहिले कुन सवारी साधन कतिको गतिमा आइपुग्छ भन्ने निश्चित हुँदैन । यस अवस्थामा चालक मोबाइल फोनमा व्यस्त छ भने बढी भीडभाडमा दुर्घटना निम्तिने सम्भावना हुन्छ । यस अवस्थामा यदि लेनयुक्त सडक हुन्छ भने यस किसिमको दुर्घटना कम हुन्छ ।

हुनत लापरवाही जुनसुकै ठाउँमा पनि हुन सक्छ। लापरवाहीको कुनै निश्चित क्षेत्र हुँदैन। आजभोलि रिल बनाउने वा सानो भिडियो बनाउने चक्करमा युवाहरू सडकमा अनेक स्टन्ट गरिरहन्छन् । स्टन्टले पनि दुर्घटना बढाउँछ । यी र अन्य कारणले गर्दा सबै सडक लेनयुक्त वा लेनको नियमानुसार चल्ने भइदिने हो भने पनि दुर्घटना कम हुन्छ । यसबाट अन्य फाइदा पनि हुन्छ। हरेक वर्ष सबारी साधन बढिरहेको सन्दर्भमा सडकलाई अझ साँघुरो हुन नदिने र भविष्यमा जाम अझ बढ्न सक्ने सम्भावनालाई विचार गरेर लेनको विकास गाउँदेखि बजारसम्म गर्नुपर्छ । लेनका पनि केही सीमा छन् तर यसको विकासले सडकको मर्यादा नै बढ्छ। सडक दुर्घटना कम हुँदा समाज र देशको मान पनि बढ्छ । यो धेरै खर्चिलो पनि हुन्न। केही दिनमा सर्वसाधारणले लेनमा चल्न पनि सिक्छन्। समाजलाई सभ्य बनाउने दिशामा अग्रसर गराउन यो आवश्यक छ।

# चिकित्सा शिक्षा आयोगले योग्यता नपुगेका विद्यार्थीको शुल्क फिर्ता गर्ने

काठमाडौं, ३० साउन/रासस

चिकित्सा शिक्षा आयोगले एकीकृत परीक्षाका लागि योग्यता नपुगेका विद्यार्थीको परीक्षा शुल्क फिर्ता गर्ने भएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईको निर्देशनपछि आयोगले योग्यता नपुगेका विद्यार्थीको परीक्षा शुल्क फिर्ता गर्ने भएको हो। आयोगको बुधवार बसेको कार्यकारी समितिको बैठकले योग्यता पुगेका उम्मेदवारलाई प्रवेशपत्र जारी गरी परीक्षामा सामेल गराउने र तोकिएको न्यूनतम शैक्षिक योग्यता पूरा नगरेका आवदेकको आवेदन फाराम रद्द गरी परीक्षा शुल्क फिर्ता गर्ने निर्णय गरिएको आयोगकी उपसचिव मञ्जु अधिकारीले जानकारी दिइन् ।

उनले शैक्षिक योग्यता नपुगेका आवेदकले फाराम भर्दा बुझाएको परीक्षा दस्तुर रकम आयोगमा दाखिला गरेको प्रमाणसहित फिर्ता माग गरेमा उक्त रकम सम्बन्धित परीक्षार्थीलाई फिर्ता गरिने बताइन् । आयोगले चिकित्सा शिक्षा स्नातक तहका विभिन्न शैक्षिक कार्यक्रमका लागि कक्षा १२ को नतीजा प्रकाशन नभए पनि फाराम भराएको थियो ।

यसअघि फाराम भरेका तर पछि कक्षा १२ को नतीजामा योग्यता नपुगेका परीक्षार्थीको फाराम शुल्क फिर्ता गरिने प्रचलन थिएन तर शिक्षामन्त्री भट्टराईको निर्देशनपछि आयोगले विद्यार्थीको शुल्क फिर्ता गर्ने निर्णय गरेको जनाएको छ ।




आयोगले चिकित्सा शिक्षा स्नातक तहतर्फका विभिन्न विषयमा गत जेठमा आवेदन दिएका उम्मेदवारको यही भदौ १ देखि भदौ ५ गतेसम्म परीक्षा सञ्चालन गर्दैछ ।

# अहिलेसम्म विपद्बाट २११ को मृत्यु, बाग्मती र गण्डकीमा बढी क्षति

काठमाडौं, ३० साउन/रासस

नेपालमा मनसुनपछिको पछिल्लो दुई महीनामा मनसुनजन्यसहित सबै खालका विपद्बाट २११ जनाको मृत्यु भएको छ ।

कुल ४८ जना बेपत्ता रहेका छन् भने १४३ जना घाइते भएका राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जानकारी दिएको छ। गत जेठ २८ पछि मनसुनयन्य घटनाबाट १७० जना र अन्य विपद्बाट ४१ जनाको मृत्यु भएको प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले जानकारी दिए । उनका अनुसार अन्य विपद्मा आगलागी, सर्पदंश, लेक लाग्नु, जनावर आक्रमणलगायत घटना समावेश छन् । नेपालमा यस वर्ष गत जेठ २८ मा मनसुन भित्रिएको थियो ।

प्रवक्ता भट्टराईका अनुसार यसपालि सबैभन्दा बढी क्षति बाग्मती र गण्डकी प्रदेशले बेहोरेको छ। बाग्मती र गण्डकी प्रदेश दुवैमा ५८/५८ जनाको मृत्यु भएको छ। यसैगरी, कोशी प्रदेशमा २६, मधेस प्रदेशमा सात, लुम्बिनी प्रदेशमा ३९, कर्णालीमा नौ र सुदूरपश्चिममा १४ जनाको मृत्यु भएको प्राधिकरणले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ ।

यो अवधिमा एक हजार ३३३ घटना भएकामा तीन हजार ६४७ परिवार प्रभावित भएका छन्। ४०५ वटा घटना भएको कोशीमा सबैभन्दा बढी एक हजार २१२ परिवार प्रभावित भएका जनाइएको छ।

यस्तै, मधेसमा ५१३, बाग्मतीमा ४७१, गण्डकीमा ४३७, लुम्बिनीमा ३२६, कर्णालीमा २४० र सुदूरपश्चिममा ४४८ परिवार प्रभावित भएको प्राधिकरणले जनाएको छ । प्राप्त विवरण अनुसार कोशीमा दुई, बाग्मतीमा ४०, गण्डकीमा तीन, लुम्बिनीमा दुई र कर्णालीमा एकजना बेपत्ता रहेका छन् ।

अघिल्लो वर्षभन्दा बढी यस वर्ष मानवीय क्षति भएको हो। अघिल्लो वर्ष सोही अवधिमा विपद्जन्य घटनामा ७२ जनाको मृत्यु भएको थियो। पूर्वतयारी, खोज उद्धार तथा सूचना प्रवाहमा समन्वयात्मकरूपमा काम भएको प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले जानकारी दिए । यस वर्ष औसतभन्दा बढी पानी पर्ने पूर्वानुमान नै भइरहेको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# सन्देश



**देवी सहाय मीणा**
**महावाणिज्यदूत**

भारतको महावाणिज्य दूतावास, वीरगंजको तर्फबाट, म, भारतको ७८औं स्वतन्त्रता दिवसको शुभ अवसरमा भारतीय समुदाय र नेपालमा रहेका भारतका मित्रहरूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। पछिल्लो समय महावाणिज्य दूतावासद्वारा नेपाल–भारत सांस्कृतिक महोत्सव, नेपाल–भारत मैत्री क्रिकेट खेल, एक शाम लता मंगेशकर के नाम, ओडिसी नृत्य प्रदर्शन, विश्व वातावरण दिवस, अन्तर्राष्ट्रिय योग दिवसलगायत विभिन्न कार्यक्रम आयोजना गरिएको थियो। महावाणिज्य दूतावासद्वारा अन्तर्राष्ट्रिय महिला दिवस, विश्व साइकल दिवस, विश्व वातावरण दिवस, विश्व रक्तदाता दिवस, आदि जस्ता महत्त्वपूर्ण अवसरहरू मनाउन उपयुक्त कार्यक्रमहरू पनि आयोजना गरिएको थियो, जसमा राम्रो सहभागिता थियो। भारतीय महावाणिज्य दूतावास उक्त कार्यक्रमहरूमा सहभागी भई सफल बनाउनुहुने महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दछ। महावाणिज्य दूतावासले विभिन्न सङ्घसंस्था, गैरसरकारी संस्था, विद्यालय, संस्थान आदिसँगको सहकार्यमा वातावरण संरक्षण गर्न जनतामा चेतना जगाउने उद्देश्यले वृक्षारोपण अभियान पनि आयोजना गरेको थियो।

१. भारत सरकार नेपालका जनतालाई शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारको विकास, विद्यार्थीहरूलाई छात्रवृत्ति, विश्वसनीय संस्थाहरूलाई एम्बुलेन्स र बस उपलब्ध गराउनुका साथै नदीको तटबन्ध, एकीकृत जाँच चौकी, रेलमार्ग निर्माणलगायतका क्षेत्रमा सहयोग गर्न प्रतिबद्ध छ। साथै दुई देशबीचको द्विपक्षीय व्यापारमा उत्प्रेरकको रूपमा पनि काम गर्दछ।

२. महावाणिज्य दूतावास दुई देशबीचको द्विपक्षीय व्यापार विकास तथा सहजीकरण गर्न विभिन्न सेरोकारवालाहरूसँग काम गर्दछ। द्विपक्षीय सम्बन्धलाई अझ प्रगाढ बनाउन दुई देशबीच नियमित उच्चस्तरीय आदानप्रदान भइरहेको छ। यी वार्ताहरूको क्रममा दुवै पक्षले दुई देशबीचको घनिष्ट र मैत्रीपूर्ण सम्बन्धलाई पुष्टयाएको छ, जसले ऐतिहासिक, सांस्कृतिक, सभ्यतागत र जनता–जनताबीचको सम्बन्धमा गहिरो जरा गाडेको छ। हालैका वर्षहरूमा द्विपक्षीय सहयोगको क्षेत्रमा उल्लेख्य प्रगति हासिल भएको छ। विशेषगरी कनेक्टिभिटीका विभिन्न क्षेत्र जस्तै भौतिक, डिजिटल, ऊर्जा र जनता–जनताबीचको सम्बन्धमा जुन सडक, एकीकृत जाँच चौकी, सीमापार रेलमार्ग, पेट्रोलियम पाइपलाइन र पुललगायतका पूर्वाधार आयोजनाहरूको निरन्तर कार्यान्वयनद्वारा स्पष्ट देखिन्छ।

३. भारतका माननीय विदेशमन्त्री महामहिम डा एस जयशङ्करज्यूको सन् २०२४ जनवरीमा नेपाल भ्रमणको क्रममा नेपाल र भारतबीच दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको थियो। उक्त सम्झौता अन्तर्गत नेपालबाट भारतमा हुने विद्युत् निर्यातको परिमाण १० वर्षभित्र १० हजार मेगावाटमा पुऱ्याउने र यस अनुसार नेपालको जलविद्युत् उत्पादन र प्रसारण पूर्वाधार क्षेत्रमा पारस्परिक हितमा हुने लगानीलाई प्रोत्साहन गर्न आवश्यक पहल गर्ने सम्झौता भएको थियो।

४. पछिल्लो दुई/तीन वर्षमा भारतमा नेपालको जलविद्युत् निर्यातमा धेरै गुणा वृद्धि भएको छ, जसले नेपालका लागि राजस्व र भारतका लागि स्वच्छ ऊर्जाको थप स्रोत सिर्जना गरेको छ। गत आर्थिक वर्षमा नेपाल भारतमा बिजुली निर्यात गर्ने देश बनेको थियो। नेपालले गत आर्थिक वर्ष २०२३/२४ को वर्षायाममा भारतलाई १६.९३ बिलियन रुपियाँको विद्युत् निर्यात गरेको थियो भने सुक्खायाममा १६.८१ बिलियन रुपियाँको विद्युत् आयात गरेको थियो। गत आर्थिक वर्षमा नेपालको विद्युत् आयातभन्दा करीब १२२ मिलियन रुपियाँ बढी भारततर्फ निर्यात भएको थियो।

५. नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तवज्यूले जनवरी २९–३०, २०२४ मा वीरगंजको भ्रमण गरेका थिए। उक्त भ्रमणको क्रममा उहाँले इनल्यान्ड कन्टेनर डिपोर्ट (ड्राइपोर्ट) र एकीकृत जाँच चौकी (ICP)को निरीक्षण गरे र नेपाल–भारत सीमामा भारत सरकारको आर्थिक सहयोगमा बनेका दुईवटै विद्यमान पूर्वाधार र त्यसका उपयोगको बारेमा सम्बन्धित अधिकारीहरूसँग छलफल गर्नुभयो। उहाँ वीरगंज उद्योग वाणिज्य सङ्घद्वारा आयोजना गरिएको अन्तर्क्रिया कार्यक्रममा सहभागी हुनुभयो र भारतबाट वा भारतको लागि आयात–निर्यातमा स्थानीय व्यापारी तथा उद्योगीहरूले भोग्दै आएको समस्या बुझ्ने प्रयास गर्नुभयो। उनले स्थानीय व्यापारी तथा उद्योगीहरूले उठाएका समस्या समाधानका लागि सक्दो सहयोग गर्ने आश्वासन दिनुभयो।

६. भर्खरै भारतका विदेश सचिव महामहिम श्री विक्रम मिश्रीज्यू ११–१२ अगस्त २०२४ मा नेपाल भ्रमणमा आउनुभएको थियो र दुई देशबीचको मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ पार्न आफ्ना नेपाली समकक्षीसँग द्विपक्षीय छलफल गर्नुभयो। उहाँले नेपालका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्रीज्यूहरू, परराष्ट्रमन्त्री र नेपालका विभिन्न राजनीतिक दलका नेताज्यूहरूसँग पनि भेट गर्नुभयो। उहाँले नेपाल भाषा परिषद्को काठमाडौंमा बनेको नयाँ भवनको पनि उद्घाटन गर्नुभयो जुन कि भारतको भूकम्पपछिको पुनर्निर्माण अनुदान सहयोगमा निर्माण भएको हो।

७. भारत, नेपालसँगको आफ्नो सम्बन्धलाई 'छिमेकी पहिलो' नीतिअनुरूप उच्च प्राथमिकता प्रदान गर्दछ र विभिन्न पहलहरूमार्फत नेपालको जनतालाई सहयोग जारी राख्नेछ। महावाणिज्य दूतावास दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन काम गर्न तत्पर छ।

**जय हिन्द !**
वीरगंज (नेपाल)
अगस्त १५, २०२४

# नेप्से परिसूचक ३४ अङ्कले बढ्यो

काठमाडौं, ३० साउन/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा ३४ दशमलव २९ अङ्कको वृद्धि देखिएको छ। बुधवार नेप्से परिसूचक एक दशमलव १७ प्रतिशतले बढेर दुई हजार ९५७ दशमलव ७५ को बिन्दुमा कायम भएको हो।

आज ३३२ कम्पनीका पाँच करोड १२ लाख ३० हजार ३४० कित्ता शेयर दुई लाख ४४ हजार १९ पटक खरीद–बिक्री हुँदा रु २३ अर्ब ४३ करोड पाँच लाख ८१ हजार १५० बराबरको कारोबार भएको छ।

जीवन बीमा समूह शून्य दशमलव ०८, लघुवित्त शून्य दशमलव ७० र म्युचुअल फन्ड शून्य दशमलव ९० प्रतिशतले घटेका छन् भने अरू सबै समूहका उपसूचक बढेका छन्। आज वित्त समूहको उपसूचक सबैभन्दा बढी सात दशमलव ६७ प्रतिशतले बढेको छ।

बैंकिङ शून्य दशमलव ७२, विकास बैंक तीन दशमलव ०७, होटल तथा पर्यटन दुई दशमलव ३७, जलविद्युत् एक दशमलव ९१, लगानी दुई दशमलव ४९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६४, निर्जीवन बीमा शून्य दशमलव ७४, व्यापार शून्य दशमलव ३९ र अन्य समूह शून्य दशमलव ८३ प्रतिशतले बढेका छन्।

आज नौवटा कम्पनीका शेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा एउटा कम्पनीको शेयर मूल्यमा भने नकारात्मक

(बाँकी पाँचौं पातामा)



**त्रिवेणीधाममा भक्तजन:** नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको धार्मिक क्षेत्र त्रिवेणीधामस्थित मन्दिरमा दर्शन गर्न आएका नेपाल र भारतका भक्तजन। तस्बिर: दयाराम आचार्य/रासस

# नेपालको विकासमा भारतको सहयोग

स्वतन्त्रता दिवस विशेष



श्रीमन्नारायण
an_shriman@yahoo.com

**प्रायः विश्वका दुईवटा देशबीच कूटनीतिकस्तरमा मात्रै सम्बन्ध कायम रहेको हुन्छ। प्रत्येक देशको प्राथमिकतामा उसको आर्थिक र सामरिक महत्त्व निहित रहन्छ। तर नेपाल र भारतबीचको सम्बन्ध त्यस्तो प्रकृतिको होइन। दुई देशका सरकारहरूका अतिरिक्त जनस्तरमा स्थापित यो सम्बन्ध हो।**

दक्षिणी छिमेकी भारत आफ्नो ७८औं स्वतन्त्रता दिवस मनाइरहेको छ। विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक देश भारत अहिले जनसङ्ख्याको मामिलामा विश्वमैं अगाडि छ भने आर्थिक प्रगतिको मामिलामा पनि विश्वको पाँचौं ठूलो अर्थव्यवस्था बन्न गएको छ। सन् २०३० भन्दा अघि नै यो विश्वको तेस्रो अर्थव्यवस्था बन्ने प्रक्षेपण गरिंदैछ। भारतको जनसङ्ख्या, प्रकृति, राष्ट्रिय आय वितरणको स्थिति, क्षेत्रीय बजारमा भूमिका, भारतीय अर्थतन्त्रमा धर्मको प्रभाव तथा भारतको आन्तरिक राजनीति आदि तत्त्वका बावजूद विश्वको प्रमुख आर्थिक शक्ति बन्ने सम्भावनाले जो कोहीलाई पनि उत्साहित बनाउनु स्वाभाविकै हो। ज्ञान, विज्ञान, कला, साहित्य, अन्तरिक्ष अनुसन्धान, कम्प्युटर तथा सामरिक क्षेत्रमा समेत भारतले गरिरहेको प्रगति आर्थिक क्षेत्रको निम्ति पनि सहयोगी साबित हुने निश्चित छ। कोभिड–१९ ले उत्पन्न गरेको विश्वव्यापी आर्थिक सङ्कटका बावजूद भारतले निरन्तररूपमा उल्लेखनीय आर्थिक वृद्धिदर प्राप्त गरिरहनु सामान्य उपलब्धि होइन। भारत हाम्रो निकटतम छिमेकी मित्रराष्ट्र हो। नेपाल र भारतबीचको परम्परागत बहुआयामिक सम्बन्धलाई अद्वितीय मानिन्छ। नेपालको समग्र आर्थिक विकासमा भारतको भूमिका अग्रणी रहिआएको छ।

विगत साढे सात दशकमा भारतले नेपालको विकास कार्यमा गरेको सहयोग महत्त्वपूर्ण अग्रणी एवं प्रशंनीय रहिरहेको छ। भारतले नेपाललाई विशेषतः पाँच क्षेत्रमा ठूलो सहायता पुऱ्यायो। यातायात तथा सञ्चार, शिक्षा, स्वास्थ्य, औद्योगिकीकरण एवं जलस्रोत तथा बिजुली। भारतको यस सहयोगलाई दुई चरणमा विभाजित गर्न सकिन्छ। पहिलो सन् १९५० देखि हालसम्मको तीन दशक। तत्काल विसं २००७ (सन् १९५०)देखि २०४६ (सन् १९९०)को सहयोग यात्राबारे चर्चा भइरहेको छ। सन् १९५० को दशकमा भारतले त्रिभुवन राजपथ र गौचरण हवाई अड्डा आफ्नो आर्थिक सहयोग अन्तर्गत निर्माण गरेपछि सन् १९५१ मा केवल ३७६ किलोमिटरको गाडी हिंड्ने मार्ग भएको नेपालमा आवतजावत बढ्न थाल्यो। भारतको रक्सौललाई काठमाडौंसम्म जोड्ने त्रिभुवन राजपथ सन् १९५३–५६ को अवधि ५.६५ करोड भारतीय रुपियाँमा भारतीय सेनाका इन्जिनीयरहरूले बनाएका थिए। भारत–नेपाल सिमानादेखि शुरू हुने यो राजमार्गले वीरगंज, सिमरा, अमलेखगंज, हेटौंडा, भीमफेदीलाई छुन्छ। त्रिभुवन राजपथको मर्मतसम्भार तथा स्तरोन्नतिमा समयसमयमा भारत सरकारले आर्थिक सहयोग गर्दै आएको छ। अहिले पनि नेपालको एउटा प्रमुख राजमार्गको रूपमा यो काम गरिरहेको छ।

त्यसैगरी, नेपालको पहिलो हवाई अड्डास्वरूप भारतले सन् १९५४ मा गौचरण हवाई अड्डा (त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल) ७० लाख भारतीय रुपियाँमा निर्माण गऱ्यो। भारतले नेपाललाई दिने आर्थिक सहयोगलाई अझै सुगठित बनाउन सन् १९५४ मा इन्डियन एड मिशन र १९६६ मा इन्डियन को–अपरेशन मिसन बनायो। तत्पश्चात् भारतले नेपालका अनेक भौगोलिक क्षेत्रमा विभिन्न विकासका आधारहरू निर्माण गऱ्यो। यी आधारहरूले नेपालका गाउँ, शहर, पहाड, मधेसका समुदाय, समाज आदिलाई आपसमा जोड्न ठूलै भूमिका निर्वाह गऱ्यो।

सन् १९६४ मा सिद्धार्थ राजमार्ग (सुनौली–पोखरा)को निर्माण शुरू गरियो। २०० किलोमिटरको यो राजमार्ग २० करोड भारु खर्च गरी सन् १९७० मा पूरा गरियो। नेपालको पूर्व–पश्चिम महेन्द्र राजमार्गको ९०० किलोमिटरको दूरीमा भारतले ६४६ किलोमिटर निर्माण गर्ने तय गरेपछि २८.३८ करोड भारुको अनुदानमा यसको १०० किलोमिटरको पूर्वी भाग (काँकडभिट्टा–ढल्केबर) सन् १९६७ मा शुरू गरी १९७५ मा सम्पन्न गरियो। यसरी नै २५१ किलोमिटरको मध्यभाग (बुटवल–नेपालगंज) १० करोड भारुको अनुदानमा १९८६ मा पूरा भयो। अन्तिम पश्चिमी भाग (कोहलपुर–वनबासा) पनि भारतीय आर्थिक सहयोग अन्तर्गत नै निर्माण भयो। यसरी नै भारतले काठमाडौं–त्रिशूली मार्ग १९६२, कात्रावा–लुम्बिनी मार्ग १९५८, त्रिपुरेश्वर–थानकोटमा १९६६, काठमाडौं–दक्षिणकाली मार्ग १९७५, हनुमाननगर–फत्तेपुर मार्ग १९७७ आदिको निर्माणमा सहयोग गऱ्यो।

काठमाडौंको वीर अस्पताल र त्रिभुवन राजमार्ग आदि भारतकै सहयोगमा निर्माण भएका हुन्। केही वर्षअघि वीर अस्पतालको नजीकैमा ट्रमा सेन्टरको निर्माण पनि भारतले अनुदान सहयोगमा गऱ्यो, जसको उद्घाटन तत्कालीन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गरेका थिए।

सन् १९६० को दशकमा भारतले नेपालका अन्य व्यावसायिक एवं पर्यटन केन्द्रहरूको निर्माणमा र हवाई अड्डाको निर्माणमा सहयोग गऱ्यो। यसै अन्तर्गत विराटनगर, जनकपुर, सिमरा, पोखरा, भैरहवा विमानस्थलको निर्माण भयो। नेपालमा हुलाक कार्यालय र सञ्चार व्यवस्था अति नै प्रारम्भिक व्यवस्थामा रहेको बखत भारतले गाउँ, शहर, नगर आदिमा रेडियो, टेलिफोन, टेलिटर, ओभरहेड, ट्रङ्कल्स, टेलिग्राफ, डिलेबस मेशीन र कोक्सियल केबल पुऱ्यायो। नेपालमा पहिलो हुलाक कार्यालय सन् १९६८ मा भारतको १२ लाख भारु सहयोगमार्फत निर्माण गरियो।

यसरी नै शिक्षा क्षेत्रमा भारतले नेपालमा विश्वविद्यालय निर्माणको अनुदानबाहेक पुस्तकालय, प्रयोगशाला, भारतमा अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ति आदि व्यापकरूपमा अघि राख्यो। सुन्दरीजल, काठमाडौंबाहेक वीरगंज अनि अमलेखगंज १९६२, विराटनगर १९६६ र भैरहवा अनि भक्तपुर आदिमा खानेपानीको आपूर्तिमा भारतीय अनुदान रहेको छ। काठमाडौंसहित कैलाली, राजविराज, धनगढी, तौलिहवा, इलाम, गुल्मी आदिमा अस्पताल एवं विभिन्न स्वास्थ्य चौकीमा प्रशिक्षण दिने प्रबन्धमा भारतको अनुदान सक्रिय थियो। पशु चिकित्सा, वन, पर्यावरण, फलफूल, कृषि आदि क्षेत्रका अनेकौं परियोजनासहित पाटन, नेपालगंज र धरानमा औद्योगिक केन्द्रहरू भारतको आर्थिक अनुदान अन्तर्गत नै बनाइए।

जल संसाधन एवं बिजुली उत्पादन क्षेत्रमा भारतले सन् १९५४ मा कोशी परियोजना सम्झौतामा हस्ताक्षर गरेपछि बिहारसँग जोडिएको सीमा क्षेत्रमा १२० किलोमिटर लामो तटबन्द बनायो। २० मेगावाट बिजुली उत्पादनको व्यवस्था पनि गरियो। कोशी सम्झौताका बारेमा नेपालका केही पक्षले नकारात्मक सन्देश प्रवाहित गर्ने प्रयास गर्दै आएका छन् तर तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले लेखेको आत्मकथाका पानाहरूमा त्यति बेलाका परिस्थितिमा मोरङ–सुनसरी र सप्तरी–सिराहालाई जोगाउन गरिएको कोशी सम्झौताभन्दा राष्ट्रहितमा कुनै सम्झौता नै हुन सक्दैन भनेका थिए। नेपालसित स्रोत साधन एवं अर्थ अभाव भएको अवस्थामा कोशीको विभीषिकाबाट देशलाई जोगाउन त्यो सम्झौता अपरिहार्य थियो। सन् १९५९ मा भारत र नेपालबीच गण्डकी नदी सम्झौता भएपछि १९५९–८४ सम्मको लामो अवधिमा तटबन्ध निर्माणसँगै १४ मेगावाट बिजुली उत्पादनको प्रबन्ध पनि मिलाइएको थियो। सन् १९७२ मा १३५५ करोड भारुमा भारतले २१ मेगावाटको त्रिशूली जलविद्युत् परियोजना र १९८४ मा १४ मेगावाटको देवीघाट परियोजना बनायो। सन् १९५०–९० सम्म चार दशकमा भारतले गरेको सहयोग अविस्मरणीय र महत्त्वपूर्ण मान्नुपर्छ।

हाल भारतसँग भएको ऊर्जा सम्झौताका कारण नेपालबाट भारतमा बिजुलीको निर्यात बिक्री भइरहेको छ। दुई पक्षीय कर्जा व्यापारमा यस वर्ष नेपाल १२ करोडभन्दा बढी नाफामा देखिएको छ। भारतले आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट बिजुली खरीद गर्ने घोषणा गरेको छ। हाम्रो निम्ति पनि खुशीको विषय हो।

नेपालमा प्रजातन्त्र स्थापना भएको विगत साढे तीन दशकमा पनि भारतको सहयोग यात्रा जारी छ। नेपालका सातवटै प्रदेश र देशका ७७ वटै जिल्लामा भारत सरकारको अनुदान सहयोगमा विकास निर्माणका कार्यहरू भएका छन्। विगत दुई दशकदेखि भारतको आर्थिक सहयोगमा आधारित यस कार्यक्रमलाई उच्च प्रभावी सामुदायिक विकास परियोजना (एचआइसिडिपी)को नामकरण गरिएको छ। यस परियोजना अन्तर्गत भारत सरकारले नेपाललाई प्रदान गर्दै आएको बर्सेनि आर्थिक अनुदानको खर्च प्रत्येक परियोजनाको पाँच करोडबाट २० करोड पुऱ्याइएको छ। भूस्तरमा सञ्चालन भइरहेको शिक्षा, स्वास्थ्य, सिंचाइ, विद्युतीकरण, सडक, पुल, कृषि, नदी नियन्त्रण, जल आपूर्तिलगायत परियोजनाबाट ग्रामीण क्षेत्रका नेपाली जनता लाभान्वित हुँदै आएका छन्। भारत सरकारको १२.२ बिलियन नेपाली रुपियाँको अनुदान सहयोगमा एचआइसिडिपीका परियोजनाहरू कोशी प्रदेशमा ८४, मधेसमा ८१, बागमतीमा १०५, गण्डकीमा ६१, लुम्बिनीमा ६०, कर्णाली प्रदेशमा १४ र सुदूरपश्चिम मा ४१ वटा सञ्चालनमा रहेका छन्। विद्यालय भवन, अस्पताल, सडक, पुल, निर्माण, स्कूल बस र एम्बुलेन्सहरू प्रदान गरिनुका साथै विद्युतीकरण पनि कतिपय ठाउँमा भएका छन्। यस कार्यक्रम अन्तर्गत प्राथमिकतामा रहेका १२ क्षेत्र भनेको शिक्षा, स्वास्थ्य, कृषि, विद्युतीकरण, सिंचाइ, खानेपानी, संस्कृति, सडक, पुल, नदी नियन्त्रण र समाज कल्याण रहेका छन्।

प्रायः विश्वका दुईवटा देशबीच कूटनीतिकस्तरमा मात्रै सम्बन्ध कायम रहेको हुन्छ। प्रत्येक देशको प्राथमिकतामा उसको आर्थिक र सामरिक महत्त्व निहित रहन्छ। तर नेपाल र भारतबीचको सम्बन्ध त्यस्तो प्रकृतिको होइन। दुई देशका सरकारहरूका अतिरिक्त जनस्तरमा स्थापित यो सम्बन्ध हो। यो सम्बन्ध रोटीबेटीको र क्रान्ति तथा भ्रातृत्वको पनि हो। भारतको स्वाधीनता आन्दोलनमा नेपालीहरू पनि सहभागी थिए भने नेपालमा आजसम्म जे जस्ता राजनीतिक परिवर्तनहरू भएका छन्, त्यसमा भारतको प्रत्यक्ष अथवा परोक्ष समर्थन रहिआएको छ। नेपालको प्रत्येक प्राकृतिक आपदामा सहयोगका लागि आउने पहिलो मित्रराष्ट्र भारत नै हो। एउटा स्थिर, विकसित, शान्त एवं सफल भारत नेपालको पनि हितमा हुनेछ। यसबाट नेपाल पनि लाभान्वित हुनेछ।

# नेपाल र चीनबीचको सम्बन्धको आधार

नेपाल र चीनबीच दौत्य सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको छ । नेपाल र चीन, दुई पुराना सभ्यताका प्रमुख मित्रराष्ट्रहरू, अनादिकालदेखि नै आपसमा गहिरो सम्बन्ध राख्दै आएका छन् । हिमालय पर्वतको शृङ्खला र विभिन्न भौगोलिक, सांस्कृतिक, आर्थिक, सामाजिक र ऐतिहासिक पक्षहरूले जोडिएका यी दुई देशबीचको सम्बन्ध औपचारिक र अनौपचारिक तहमा विकसित हुँदै आएका छन्। पहाड, पर्वत, नदीनाला र हिमालयले मात्र नभई, सांस्कृतिक, धार्मिक, सामाजिक र सामरिकरूपमा पनि नेपाल र चीनबीचको सम्बन्ध दृढ र व्यापक भएको छ। नेपाल–चीन सम्बन्धलाई अझै सुदृढ बनाउनका लागि समयसमयमा विभिन्न सन्धि–सम्झौताहरू भएका छन्, जसले यी दुई राष्ट्रलाई पारस्परिक सुरक्षा, व्यापारिक सहकार्य र अन्तर्राष्ट्रिय सम्बन्धहरूमा एकअर्काको महत्त्वपूर्ण साझेदार बनाएको छ। नेपाल र चीनबीचको यो सम्बन्धले क्षेत्रीय स्थायित्व र शान्तिमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

नेपाल र गणतन्त्र चीनबीच दौत्य सम्बन्ध स्थापना गर्ने सम्झौतामा नेपाल सरकार र गणतन्त्र चीन सरकारका बीच २०१२ साउन १२ गते (२७ जुलाई १९५५) मा हस्ताक्षर भएको थियो। दुवै सरकारले पाँच सिद्धान्तलाई आपसको सम्बन्ध सञ्चालन गर्ने मूल सिद्धान्त हुनुपर्छ भन्ने स्वीकार पनि गरेका छन् । यसमा एकले अर्कोको सार्वभौमिकता र राज्य क्षेत्रको अक्षुण्णताको सम्मान गर्ने, अनाक्रमण, आर्थिक, राजनीतिक र सैद्धान्तिकरूपका कुनै कारणबाट पनि एकले अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने, समानता र पारस्परिक हित र शान्तिपूर्ण सहअस्तित्वलाई स्वीकार गरिएको थियो ।

नेपालको परराष्ट्रनीतिको प्रमुख लक्ष्य सुरक्षा हो । नेपालको चीनप्रतिको सम्बन्धको मुख्य आधार भनेको नेपाल दुई ठूला राष्ट्रबीचको राष्ट्र भएकोले सुरक्षा र स्वाधीनता नै यसको मुख्य विषय भएको छ। चीनसँगको सम्बन्धको प्राथमिक आधार पनि यही नै हो । सुरक्षाको स्वार्थलाई नै नेपालले चीनसँगको सन्धि–सम्झौता गर्दा प्रमुख आधार बनाएको हुन्छ । नेपाल विकासशील र पिछडिएको मुलुक भएकोले विदेशी सहयोग र सद्भावनाद्वारा आर्थिक विकास गर्ने लक्ष्य रहेको छ र चीनसँगको सम्बन्ध र सन्धि–सम्झौताको दोस्रो आधार पनि यसैलाई मानिएको छ । त्यस्तै, चीनको पनि नेपालसँगको सम्बन्धका लागि सुरक्षा स्थायित्व र अन्तर्राष्ट्रिय क्रियाकलापमा समर्थन नै प्रमुख रूपमा रहेको पाइन्छ । चीनको दक्षिणमा नेपाल हुँदा नेपालले सधैं चीनको सुरक्षाको लागि महत्त्वपूर्ण स्थान लिएको छ । चीन सधैं हिमालय क्षेत्रमा शान्ति र स्थायित्व चाहन्छ। यसो हुँदा नै हिमालय क्षेत्रमा शान्ति भएमा चीनको समेत सुरक्षा हुने हुँदा नेपालसँगको

### विचार



महेन्द्रप्रकाश सिवाकोटी

**समग्रमा नेपाल र चीनबीचको सम्बन्ध सुमधुर, गहिरो र भरपर्दो हुनुपर्छ। चीनको सुरक्षाका लागि नेपाल र नेपालको सुरक्षाका लागि चीन एकापसमा कटिबद्ध, मजबूत र एकताबद्ध हुन सकेको खण्डमा दुवै देश एशियाका चम्किला ताराझैं स्थापित हुनेछन् ।**

सम्बन्धलाई यही सुरक्षात्मक अवधारणालाई प्रमुखता दिएको पाइन्छ।

यस्तै, चीनको नेपालसँगको दोस्रो स्वार्थ भनेको तिब्बतमा स्थायित्व कायम गर्नु हो । तिब्बतमा बारम्बार हुन सक्ने अस्थिरताबाट सुरक्षित हुनका लागि चीनले नेपालबाट चीनविरुद्ध हुने कुनै पनि कदमलाई प्रोत्साहित नगरियोस् भन्ने कुरामा ध्यान दिई यसैका लागि सन्धि–सम्झौताहरूमार्फत यो स्थिति प्राप्त गर्न खोजेको पाइन्छ । चीनको तेस्रो स्वार्थ भनेको अन्तर्राष्ट्रिय क्षेत्रमा चीनको नीतिको राजनीतिक समर्थन चाहेको देखिन्छ । एक चीनको नीतिको रूपमा तिब्बत तथा ताइवानलाई अलग राज्य नमानी एउटै राज्यको रूपमा मान्यता नेपालले कायम राखोस् भन्ने चीनको स्वार्थ देखिन्छ । छिमेकी नेपाल हुँदा यसलाई यो समर्थनको विशेष अर्थ पनि रहन्छ। यस्तै, चीनको अन्तर्राष्ट्रिय क्षेत्रमा रहेको नीतिलाई नेपालले समर्थन गरोस् वा समर्थन नगरे पनि यसको विरोधमा नजाओस् भन्ने चीनको चाहना रहेको पाइन्छ। यसैले नेपालको सुरक्षा स्थायित्व तथा नेपालको विकासमा सहयोग गर्नका लागि चीनले सहयोग गर्ने नीति अन्तर्गत नै वैध सम्बन्ध स्थापित गर्ने उद्देश्यले सन्धि–सम्झौताहरू भएका देखिन्छन् ।

नेपालले चीनबाट वर्तमान परिवर्तित सन्दर्भमा पूर्वाधार विकास, व्यापार र बजार पहुँच, पर्यटन, सांस्कृतिक र शैक्षिक आदानप्रदान, जलवायु परिवर्तन र वातावरणीय सहकार्य, आर्थिक सहयोगमा वृद्धिजस्ता क्षेत्रहरूमा लाभ लिन सक्छ। पूर्वाधार विकासका लागि नेपालले चीनबाट सडक, रेलवे र ऊर्जा परियोजनामा लगानी वृद्धि गर्न पहल गर्नुपर्छ। चीनसँगको सहकार्यले नेपालको भौगोलिक सम्पर्कमा सुधार ल्याइ व्यापार, पर्यटन र क्षेत्रीय विकासलाई तीव्र बनाउन सक्छ । यो प्रयासले देशभित्रको यातायात प्रणालीलाई पनि आधुनिकीकरण गर्न मदत पुऱ्याउनेछ । यसले नेपालको आर्थिक वृद्धि र समृद्धिमा महत्त्वपूर्ण योगदान दिन सक्छ ।

नेपालले चीनसँगको सम्बन्धबाट पर्यटन, कृषि र उत्पादन क्षेत्रमा चिनियाँ लगानी आकर्षित गरेर अझै धेरै लाभ लिन सक्छ । व्यापारिक मार्गहरू, जस्तै ट्रान्स–हिमालय बहुआयामिक सम्पर्क नेटवर्क विकास गर्नाले व्यापार र लगानीमा वृद्धि हुन सक्छ । चीनसँगको व्यापार सम्बन्ध विशेषगरी कृषि उत्पादन र हस्तकला सामग्रीको लागि चिनियाँ बजारमा पहुँच विस्तार गरेर अझै बलियो बनाउन सकिन्छ । यसले नेपालको निर्यातको विविधीकरणमा मदत पुऱ्याउनेछ र व्यापार घाटा घटाउनेछ। साथै स्थानीय उत्पादनहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन र आर्थिक अवसरहरू सिर्जना गर्न पनि मदत पुग्छ। यसले नेपालको व्यापारिक सम्बन्धलाई दीर्घकालीन र सुदृढ बनाउन सक्छ । चीनसँग पर्यटन सम्बन्धलाई प्रोत्साहन गरेर नेपाललाई चिनियाँ पर्यटकहरूको प्रमुख गन्तव्यको रूपमा प्रचार गर्न सकिन्छ। यसबाट चिनियाँ पर्यटकहरूको सङ्ख्या वृद्धि हुने र नेपालको आतिथ्य, सेवा क्षेत्र र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ। साथै पर्यटनले दुई देशबीचको सांस्कृतिक आदानप्रदानलाई पनि बढावा दिनेछ ।

यसैगरी, दुई देशबीचको सांस्कृतिक र शैक्षिक सम्बन्धलाई प्रगाढ बनाउनका लागि छात्रवृत्ति, भाषा कार्यक्रम र संयुक्त अनुसन्धान पहलहरू सञ्चालन गर्न सकिन्छ । यसले दुवै देशका नागरिकहरूबीच आपसी समझदारी बढाउनेछ र शैक्षिक सहकार्यले नेपालको मानव संसाधनलाई सुधार गर्नेछ । यस प्रकारको आदानप्रदानले दुवै देशका युवाहरूमा मित्रता र सहकार्यको भावना बलियो बनाउनेछ। जलवायु परिवर्तन र वातावरण संरक्षणमा नेपालले चीनसँग सहकार्य गरेर साझा चुनौतीहरूको समाधान गर्न सक्छ । हिमालयको संरक्षण, दिगो विकास र वातावरणीय व्यवस्थापनका क्षेत्रमा संयुक्त प्रयास गर्न सकिन्छ । यसबाट दुवै देशले जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूको सामना गर्न सक्नेछन् र दिगो अभ्यासहरूलाई प्रवर्द्धन गर्न मदत मिल्नेछ। यस्तो सहकार्यले दुवै राष्ट्रको वातावरणीय समृद्धिमा योगदान दिनेछ । विश्वव्यापी गतिशीलतामा परिर्वतनको रूपमा नेपालले चीन र भारत दुवैसँगको सम्बन्धलाई सन्तुलनमा राख्न सक्छ । दुवै छिमेकीहरूसँगको सहकार्यबाट लाभ उठाउँदै आफ्नो सार्वभौमिकता र स्वतन्त्रतालाई कायम राख्न सक्छ ।

नेपाल र चीनबीचमा विभिन्न किसिमका सन्धि–सम्झौताहरू भएका छन्। नेपाल र चीनबीचको सम्बन्ध प्राग ऐतिहासिककालदेखि नै भएको थाहा पाइन्छ। नेपाल उपत्यकामा पानीको सतह रहेकै अवस्थामा नेपालमा महामञ्जुश्रीको आगमन भएको थियो । उनले त्यस बेलाका यहाँका कविला राज्यलाई पराजित गरी नयाँ राज्यको स्थापना गरेका थिए । यो युद्ध हिमाल पारको व्यापार खुलाउन र दक्षिणतर्फबाट आफूलाई सुरक्षित गराउनका लागि महामञ्जुश्रीले आधिपत्य कायम गरी नयाँ राज्यसँग सम्झौता गरेको भन्ने देखिन्छ। त्यसयता दुई देशबीच विभिन्न समयमा दर्जनौं सन्धि–सम्झौता भएका छन्। हुम्ला राज्यसँग सन्धि, स्रोङचङ गोम्पोसँगको सन्धि, खस–चीन सन्धि, नेपाल–तिब्बत मुद्रा सन्धि, भीममल्लको भोटसँगको सन्धि, राम शाहको सन्धि, मुद्रा विवाद र गोरखासँगको सन्धि, नेपाल–भोट युद्ध र केरुङ सन्धिहरू भएका थिए ।

त्यस्तै, नेपाल–तिब्बत–चीनबीचको बेत्रावती सन्धि १७९३, नेपाल–तिब्बतबीचको थापाथली सन्धि १८५६, नेपाल–भोटबीचको केरुङ सन्धि १८८४, नेपाल–चीन सम्झौता १९५६, नेपाल–चीनबीचको पञ्चशीलको सन्धि, आर्थिक सहयोग सम्झौता १९५६, शान्ति तथा मैत्री सन्धि अप्रिल २८, १९६०, नेपाल–चीन सीमा सम्झौता १९६०, राजमार्ग निर्माणसम्बन्धी सम्झौता, व्यापार सम्झौता १९६४, नेपाल र चीनबीच स्वशासित क्षेत्र तिब्बत र नेपालबीचको सम्झौता १९६६, नेपाल र चीनबीच व्यापार सम्झौता १९६८, व्यापार तथा भुक्तानी सम्झौता १९७४, नेपाल र तिब्बतबीच व्यापारलगायतसम्बन्धी सम्झौता १९८६ गरिएका थिए। यसैगरी, सन् १९९९ पछि सांस्कृतिक सम्झौता, सैनिक सम्झौता, आर्थिक–व्यापारिक समिति गठनको सम्झौता र आर्थिक सहयोग सम्झौता पनि भएका छन् ।

समग्रमा नेपाल र चीनबीचको सम्बन्ध सुमधुर, गहिरो र भरपर्दो हुनुपर्छ। चीनको सुरक्षाका लागि नेपाल र नेपालको सुरक्षाका लागि चीन एकापसमा कटिबद्ध, मजबूत र एकताबद्ध हुन सकेको खण्डमा दुवै देश एशियाका चम्किला ताराझैं स्थापित हुनेछन्। चीनले पनि नेपालको सुरक्षाका लागि योगदान दिएको छ र नेपालले पनि चीनको सुरक्षाका लागि योगदान दिएको छ । हामीले यो इतिहासलाई कहिल्यै भुल्नुहुँदैन। नेपाल र चीनबीचमा बेलाबखत हुने गरेका

(बाँकी पाँचौं पातामा)




**आविष्कार केन्द्रमा निर्माण गरिएका कृषि औजारः** राष्ट्रिय आविष्कार केन्द्रले वीरगंजको कृषि औजार कारखानाको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी लिएको २२ महीनाको अवधिमा डेढ दर्जन साना–ठूला कृषि औजारको अनुसन्धान तथा विकास गरेको जनाएको छ। केन्द्रले पराल काट्ने मेशीन, धान काट्ने मेशीन (रिपर), दाना बनाउने मेशीन, धान रोप्ने सानो मेशीन (रिपर), घाँस खुर्किने, ड्याङ बनाउने मेशीन, खाल्डो खन्ने हाते औजार, आलु रोप्ने, आलु गोड्ने, घाँस तथा पराल काट्ने (चाप कटर), साना ट्याक्टरमा राख्ने कल्टिभेटर, हाते प्रेस मेशीन, धान काट्ने सानो मेशीन, प्लास्टिक ओछ्याउने र केराको फाइबर निकाल्नेलगायत कृषि औजार तयार पारिसकेको छ । केन्द्रले यसका लागि करीब रु दुई करोड खर्च भएको जनाएको छ। तस्बिरः हिमाल लम्साल/रासस

## फरक समाचार

### यी चार हर्मोनले तपाईंलाई खुशी राख्छ

आजको समयमा सबैले जान्न चाहन्छन् कि कसरी खुशी हुन सिक्ने ? यो प्रश्न प्रायः मानिसहरूको दिमागमा आउँछ र अनलाइनमा पनि धेरै खोजिन्छ । तर इन्टरनेटमा धेरै सल्लाह उपलब्ध छन्, जसमध्ये धेरै बेकार छन् । खुशी भनेको राम्रो मूड र आफ्नोबारेमा राम्रो महसूस गर्नु हो। तर प्रायः हामी खुशी हुन बाहिरी चीजहरूमा निर्भर रहन्छौं, जबकि वास्तविकतामा खुशी तपाईंभित्रै पाइन्छ। हाम्रो शरीरमा रहेका चारवटा हर्मोन डोपामाइन, अक्सिटोसिन, सेरोटोनिन र एन्डोर्फिनले हाम्रो मूड र खुशीलाई सन्तुलनमा राख्छन् भन्ने कुरा धेरै कम




मानिसलाई थाहा छ ।

**एन्डोर्फिन**: दुखाइ कम गर्छ, तनाव कम गर्छ र खुशीको भावना बढाउँछ ।

**के गर्ने**: यदि सम्भव छ भने हाई इन्टेन्सिटी इन्टरवल ट्रेनिङ गर्नुहोस् र स्टेमिना–बढाउने खेलहरू खेल्नुहोस् । धेरै हाँस्नुहोस्, नाच्नुहोस्, जे मन लाग्छ गर्नुहोस्। डार्क चकलेट र मसलेदार खाना खानुहोस्, तर सन्तुलित मात्रामा मात्र लिनुहोस्। रचनात्मक हुनुहोस्, लेख्नुहोस् वा पेन्ट गर्नुहोस् ।

**के नगर्ने:** असल मान्छेहरूबाट टाढा नबस्नुहोस्, कुनै शौक नभएकोले उनीहरूको खिसी नगर्नुहोस् । सन्तुलन सिर्जना गर्न महत्त्वपूर्ण छ ।

**डोपामाइन**: मस्तिष्कका क्षेत्रहरूलाई सक्रिय बनाउँछ, जसले आनन्द र सन्तुष्टिको भावना उत्पन्न गर्छ ।

**के गर्ने:** ससाना कार्यहरू पूरा गर्नुहोस्, जसले तपाईंले लक्ष्य गर्नुभएका सबै कार्य पूरा गर्न सक्षम हुनुहुन्छ जस्तो देखिन्छ। नियमित व्यायाम गर्नुहोस्। राम्रो खाना खानुहोस् । पर्याप्त सुत्नुहोस् ।

**के नगर्ने:** सामाजिक सञ्जालको अत्यधिक प्रयोग, जङ्कफूडबाट टाढा रहनुहोस्। धेरै समय आराम नगर्नुहोस्, धेरै काम नगर्नुहोस् ।

**अक्सिटोसिन**: राम्रो सामाजिक व्यवहार बढाउछ, तनाव कम गर्दछ।

**के गर्ने:** आफ्ना नजीकका साथीहरू वा परिवारका सदस्यहरूसँग राम्रो सम्बन्ध निर्माण गर्नुहोस्, उनीहरूसँग समय बिताउनुहोस् र राम्रा कुराकानी गर्नुहोस्। अँगालो हाल्नुहोस् वा पिठ्यूँमा थपथपाउनुहोस् । दयालु हुनुहोस्, मदत गर्नुहोस् । घरपालुवा जनावरहरू राख्नुहोस्, तिनीहरूलाई माया गर्नुहोस् र तिनीहरूसँग आत्मीयता बढाउनुहोस् ।

**के नगर्ने :** सामाजिक गतिविधि र मानिसबाट टाढा नबस्ने। एक्लो जीवन जिउनु हुन्न।

**सेरोटोनिन**: मूडलाई स्थिर राख्छ, निद्रा र पाचनलाई सन्तुलित गर्छ ।

**के गर्ने**: हरेक दिन घाममा बस्नुहोस् । नियमित एरोबिक व्यायाम गर्नुहोस्। ट्रिप्टोफेनयुक्त आहारा खानुहोस् जस्तै ओखर, चीज, रातो मासु, कुखुरा, माछा, ओट्स, सिमी, दाल, अन्डा, र भिटामिनयुक्त फलफूल, तरकारी र सम्पूर्ण अन्न। ध्यान र योग गर्नुहोस् ।

**के नगर्ने :** व्यायाम र खानपानमा अनियमितता नगर्ने । तनाव र नकारात्मक सोचको प्रभावलाई कम नठान्नुहोस् ।

### छोरी र बुहारीमा फरक छ

केही समययता जया बच्चन र उनकी बुहारी ऐश्वर्या राय बच्चनको सम्बन्धलाई लिएर मानिसहरूले धेरै कुरा बनाउन थालेका छन् । एउटा अन्तर्वार्ता पनि भाइरल भइरहेको छ, जसमा जया बच्चनले बुहारी र छोरीमा फरक हुने बयान दिएका छन् ।

सासू र बुहारीको सम्बन्ध सधैं विवादले घेरिएको हुन्छ। आधुनिक समाजका महिला पनि यसबाट अछूतो छैनन् । यस्तो अवस्थामा अभिनेत्री जया बच्चन र ऐश्वर्या राय बच्चन सासू र बुहारीको जोडी हालै धेरै ट्रोलिङको सामना गरिरहेका छन् ।

बच्चन परिवारमा चलिरहेको घरेलु कलह कसैबाट लुकेको छैन । ऐश्वर्या राय केही समयदेखि छोरी आराध्यासँग अलग्गै बस्दै आएकी छन् । अम्बानी परिवारको वैवाहिक समारोहमा पनि उनी ससुराली घरदेखि टाढा देखिन्थिन्। ऐश्वर्या रायले चाँडै अभिषेक बच्चनसँग डिभोर्स गर्ने अनुमान गरिएको थियो ।



जुनियर बच्चनले हालै यस्तो केही भइरहेको छैन भन्ने जवाफ दिएका छन्। तर यसैबीच जया बच्चनको एउटा अन्तर्वार्ता भाइरल भइरहेको छ, जसमा उनी कस्ती सासू हुन् ? यसमा उनले बोल्ड जवाफ दिएकी छन्।

एउटा पुरानो अन्तर्वार्तामा जया बच्चनले छोरी र बुहारीमा फरक हुने बताइन्। छोरी भएको नाताले तपाईंले आफ्ना आमाबुबालाई धेरैपटक बेवास्ता गर्न सक्नुहुन्छ। तर बुहारीले यो गर्न सक्दिनन् । तर अहिले कुरा फेरिएको छ । उनले आफ्नी सासू धेरै कडा भएको पनि बताइन् ।

**तपाईं कस्तो सासू हो ?**

यसको जवाफ दिंदै जया बच्चनले भनिन् कि उनी (ऐश्वर्या) मेरी बुहारी हुन्, मेरी छोरी होइनन्। त्यसैले म उनीप्रति कत्ति पनि कडा छैन। उनले भनिन्, "म विश्वस्त छु कि उनको आमाले उनको लागि यो गरेको हुनुपर्छ ।"

**जया बच्चनको विचार किन एकदम सही छ ?**

सासू र बुहारीको सम्बन्धमा सम्मान हुनु जरुरी छ। यो तबमात्र सम्भव हुन्छ, जब तपाईंले घरमा आउने नयाँ सदस्यलाई ठाउँ दिनुहुन्छ। यो महसूस हुन दिन्नौं कि उसले आजसम्म जे सिकेको छ, त्यो गलत हो ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## बङ्गलादेशको अन्तरिम सरकारलाई समावेशी हुन राष्ट्रसङ्घका प्रमुखको आग्रह

न्युयोर्क, ३० साउन/एएनआई

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले बङ्गलादेशमा संसदीय चुनावको आह्वान गर्दै अन्तरिम सरकारलाई समावेशी हुन आग्रह गरेका छन्।



संयुक्त राष्ट्रसङ्घका प्रमुखले महिला तथा अल्पसङ्ख्यक समुदायलाई निर्वाचनमा समावेश गर्न आग्रह गरेका हुन्।

“महासचिव गुटेर्रेसले अन्तरिम सरकारको समर्थनमा बङ्गलादेशमा शान्ति पुनर्स्थापना गर्न संसदीय निर्वाचनको प्रयासलाई स्वागत गर्नुभएको छ”–महासचिवका उपप्रवक्ता फरहान हकले सोमवार जारी गरेको विज्ञप्तिमा भनिएको छ।

“उहाँले महिला, युवा, अल्पसङ्ख्यक, आदिवासी समुदाय साथै सम्पूर्ण जनताको आवाजलाई ध्यानमा राख्दै समावेशिताको हरेक प्रयास जारी राख्न अन्तरिम सरकारलाई आग्रह गर्नुभयो।”

बढ्दो विरोधका बीच आवामी लिगकी नेत्री शेख हसिनाले अगस्त ५ मा प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि बङ्गलादेशले हाल अस्थिर राजनीतिक अवस्थाको सामना गरिरहेको छ।

मुख्यतया सरकारी जागीरका लागि आरक्षण प्रणाली अन्त्य गर्न माग गर्दै विद्यार्थीको नेतृत्वमा भएको विरोधपछि सरकारविरोधी प्रदर्शनमा परिणत भएको थियो।

देशमा चलिरहेको हिंसाको क्रममा बेपत्ता भएका परिवारका सदस्यहरूको पोस्टर लिएर विरोध प्रदर्शन गरिरहेका अल्पसङ्ख्यक हिन्दू समुदायका सदस्य र बङ्गलादेशी सेनाबीच मङ्गलवार झडप भएको थियो।

बङ्गलादेशको अन्तरिम सरकारका प्रमुख सल्लाहकार, नोबेल पुरस्कार विजेता मुहम्मद युनुसले मङ्गलवार ढाकाको ऐतिहासिक ढाकेश्वरी मन्दिरको भ्रमण गर्दै अल्पसङ्ख्यकहरूलाई देशमा सुरक्षा कायम गर्ने आश्वासन दिएका छन्। रासस

## सुडानमा सरकारी सेनाको अनुपस्थितिमा नै युद्धविराम वार्ता शुरू हुने

जेनेभा, ३० साउन/एएफपी

सुडानी सरकार नरहने तयारी गरे पनि अमेरिकी मध्यस्थतामा रहेको सुडान युद्धविराम वार्ता स्वीट्जरल्यान्डमा बुधवारदेखि शुरू हुने भएको छ।

सुडानका लागि अमेरिकी विशेषदूत टम पेरिएलोले विनाशकारी द्वन्द्वबाट तहसनहस भएका सुडानका जनताले अब पर्खन नसक्ने भन्दै वार्ता अघि बढ्ने बताएका छन्।

सन् २०२३ को अप्रिलदेखि सुडानका वास्तविक शासक अब्देल फतह अल बुरहानको नेतृत्वमा रहेको सेना र उनका पूर्वसहयोगी मोहमद हमदान डग्लोको नेतृत्वमा रहेको अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ)बीच युद्ध चलिरहेको छ। आरएसएफको प्रतिनिधिमण्डल अज्ञात स्थानमा बन्द कोठामा हुने वार्ताका लागि स्वीट्जरल्यान्डमा छ तर सरकार निकट सुडानी सशस्त्र बल (एसएएफ)ले निमन्त्रण स्वीकार गरेको छैन।

१० दिनसम्म चल्ने उक्त वार्ताका लागि साउदी अरब र स्वीट्जरल्यान्डले संयुक्त मध्यस्थता गरेका छन् भने अफ्रिकी सङ्घ, इजिप्ट, संयुक्त अरब इमिरेट्स र संयुक्त राष्ट्रसङ्घ पर्यवेक्षकका रूपमा उपस्थित छन्।

सुडानमा चलिरहेको हिंसात्मक द्वन्द्वले संसारकै सबैभन्दा खराबमध्ये एक मानिएको मानवीय सङ्कट निम्त्याएको छ।

यस द्वन्द्वका कारण हरेक पाँच सुडानीमध्ये एकजना आफ्नो घर छोड्न बाध्य भएको छ भने दशौं हजारको मृत्यु भइसकेको छ। देशभर दुई करोड ५० लाखभन्दा बढी अर्थात् आधाभन्दा बढी जनसङ्ख्या भोकमरीको चपेटामा परेको छ। “अहिले शान्ति स्थापनाका लागि उपयुक्त समय हो”–पेरिएलोले मङ्गलवार भने।

उनले भने–“अहिलेसम्म एसएएफले भाग लिन मानेको छैन। यद्यपि हामी हाम्रा अन्तर्राष्ट्रिय र प्राविधिक साझेदारहरूसँग सुडानका जनतालाई समर्थन गर्न सबै विकल्प खोजी गर्न अघि बढ्नेछौं”–उनले भने–“सरकारलाई ‘अवसरको फाइदा उठाउन’ आग्रह गर्दछौं।” रासस

## जापानका प्रधानमन्त्री किशिदा निर्वाचन नलड्ने

टोकियो, ३० साउन/एपी

जापानका प्रधानमन्त्री फुमियो किशिदाले आगामी सेप्टेम्बरमा हुने पार्टी नेतृत्वको निर्वाचनमा भाग नलिने घोषणा गरेका छन्।



किशिदा सन् २०२१ मा लिबरल डेमोक्रेटिक पार्टीको अध्यक्षमा निर्वाचित भएका थिए। उनको तीन वर्षे कार्यकाल सेप्टेम्बरमा सकिंदैछ।

उनी चुनावी दौडबाट बाहिरिएसँगै पार्टीको नेताका लागि सेप्टेम्बरमा हुने निर्वाचनमा बहुमत प्राप्त गर्ने नयाँ नेता प्रधानमन्त्रीको उत्तराधिकारी हुने अवसर मिल्नेछ किनभने संसद्को दुवै सदनमा एलडिपीको बहुमत छ।

पार्टीको भ्रष्टाचार काण्डबाट आक्रान्त भएका किशिदाप्रतिको समर्थन दर २० प्रतिशतभन्दा तल झरेको छ।

उनले सेप्टेम्बरमा हुने मतदानमा भाग नलिने घोषणा गर्दै आफ्नो पार्टी देश हितका लागि परिवर्तन भइरहेको देखाउनका लागि नयाँ नेताको लागि अनुमति दिएका हुन्। किशिदाले नयाँ निर्वाचित नेतालाई समर्थन गर्ने बताए।

यस वर्षको शुरूमा भएको स्थानीय चुनावमा हारले उनको प्रभाव कमजोर बनेको र एलडिपीका सांसदहरूले आगामी आमनिर्वाचन अघि नयाँ अनुहारको आवश्यकतामा आवाज उठाएका समय प्रधानमन्त्री किशिदाको यो निर्णय आएको हो।

भ्रष्टाचार प्रकरण सार्वजनिक भएपछि किशिदाले धेरै मन्त्री र अन्यलाई पार्टी कार्यकारी पदबाट हटाएर पार्टीमा देखिएका गुट उपगुटहरू विघटन गरेका छन्। यसलाई राजनीतिक वृत्तमा पैसाको लागि अनुकूल राजनीतिको स्रोतको रूपमा आलोचना गरिएको थियो। उनको नेतृत्वमा राजनीतिक कोष नियन्त्रण कानूनलाई कडा बनाउने कानून पारित भएको छ।

सुधारका कैयौं प्रयासबीच पनि उनको नेतृत्वको सरकारप्रतिको समर्थन भने कम हुँदै गएको छ। रासस

## आपसी सिकाइबारे छलफल गर्न विश्व युवाहरू बेइजिङमा भेला

बेइजिङ, ३० साउन/सिन्ह्वा

विभिन्न सभ्यताबीच आदानप्रदान र आपसी सिकाइबारे छलफल गर्न स्वदेश तथा विदेशका झन्डै दुई सय युवा यहाँ भेला भएका छन्।

युवाहरूलाई सांस्कृतिक विविधता, सभ्यताको आदानप्रदान र आपसी सिकाइ, सांस्कृतिक सम्पदा र नवप्रवर्तनका साथै मानवताको साझा भविष्य भएको समुदायको निर्माणबारे संवादमा संलग्न हुने अवसर प्रदान गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय भेला आयोजना गरिएको थियो।

इजिप्टका मोहम्मद जिहादले संवादको माध्यमबाट विविध संस्कृतिहरू जीवन्तरूपमा फस्टाउन सुनिश्चित गर्न सक्रिय प्रयासहरूका लागि वकालत गरेका थिए।

कार्यक्रम चाइना इन्टरनेशनल युथ एक्सचेन्ज सेन्टर र अखिल चाइना युथ फेडरेशनको सहयोगमा आयोजना गरिएको थियो। रासस

### नेपाल ...

मतभेदहरूलाई सौहार्दतापूर्वक छलफल–बहस गरेर समाधान गर्नुपर्छ।

व्यापार असन्तुलनको व्यवस्थापन र पूर्वाधार परियोजनाहरूले स्थानीय समुदायलाई फाइदा पुऱ्याउन सुनिश्चित गर्न नसक्नु आज दुई देशबीचका प्रमुख चुनौतीहरू हुन्। दुई देशबीचको यति लामो सम्बन्धलाई कुनै पनि हालतमा बिग्रन दिनुहुँदैन। दुवै देशबीच सन्धि–सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने हो भने एकापसमा चीसोपन आउन सक्छ। तसर्थ नेपाल र चीनबीचमा भएका सन्धि–सम्झौताहरूलाई सम्बन्धित पक्षले कार्यान्वयनमा विशेष जोड दिनुपर्छ। चीनको प्रविधि र समृद्धिलाई नेपालमा के कसरी जोड्न सकिन्छ, त्यस विषयमा पनि दुवै देशले ध्यान दिएर एकापसमा साथ सहयोगको भावना अगाडि बढाउनु जरुरी देखिन्छ। सङ्क्षेपमा नेपाल–चीन सम्बन्धले भविष्यको विकासको लागि ठूलो सम्भावना बोकेको छ। यस सम्बन्धलाई सावधानीपूर्वक व्यवस्थापन गरेर नेपालले आफ्नो रणनीतिक स्थानलाई आर्थिक समृद्धि र दिगो विकास प्राप्त गर्न उपयोग गर्न सक्नुपर्छ। (लेखक नेपाल सरोकार मञ्चका अध्यक्ष हुन। रासस)

## सर्लाहीमा खेतीयोग्य जमीन मासिंदै

बरहथवा (सर्लाही), ३० साउन/रासस

सर्लाहीमा बर्सेनि खेतीयोग्य जमीन मासिंदै गएको छ। यहाँ विगत १० वर्षमा ११ हजार ४०६ दशमलव सात हेक्टर खेतीयोग्य जमीन मासिएको छ। जिल्लामा लगातार खेतीयोग्य भूभाग मासिने क्रम बढ्दो रहेको राष्ट्रिय कृषि गणना–२०७८ को तथ्याङ्कले देखाएको हो।

१० वर्ष अघि २०६८ मा भएको जनगणना तथ्याङ्क अनुसार जिल्लाको कुल भूभाग एक लाख २५ हजार नौ सय हेक्टरमध्ये ८४ हजार ६७८ हेक्टर खेतीयोग्य जमीन थियो। त्यही खेतीयोग्य जमीन घटेर अहिले ७३ हजार २७१ दशमलव तीन हेक्टर क्षेत्रफलमा खुम्चिएको हो। अव्यवस्थित तवरले भइरहेको पूर्वाधार निर्माणको प्रत्यक्ष असर जिल्लाको खेतीयोग्य जमीनमा परेको जिल्ला कृषि ज्ञान केन्द्र, सर्लाहीका कार्यालय प्रमुख देवानन्द राय यादवले बताए।

खेतीयोग्य जमीन अतिक्रमणमा पर्दै जाँदा जिल्लाको कृषि उत्पादनको अवस्थासमेत खस्कँदै गएको छ। सङ्घीयता कार्यान्वयनपछि थप तीव्र गतिमा खेतीयोग्य जमीन मासिने क्रम बढेको छ। “केही वर्ष पहिलासम्म धान फल्ने खेतमा अहिले पक्की भवन बनेका छन्,” उनले भने। हरियो खेतका फाँटमा अहिले घरैघर छन्।

अव्यवस्थितरूपमा भएका विकासको असर चौतर्फी परेको छ। खेतमा अन्धाधुन्द व्यापारिक भवन निर्माण गर्ने क्रम रोकिएको छैन। केही दशक अघि अन्न उब्जाउने खेत अब बाँकी नरहने प्रमुख यादवले बताए।

### नेप्से ...

सर्किट लागेको छ। कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ८६ करोड ५८ लाख ५८ हजार ३०७ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा अपि पावर कम्पनी लिमिटेडको २२ लाख ३७ हजार १७२ कित्ता शेयर किनबेच भएका छन्।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | प्रगति | वृष | वादविवाद |
| मिथुन | यात्रालाभ | कर्कट | कडाश्रम |
| सिंह | सुसमाचार | कन्या | उदरपीडा |
| तुला | विजय | वृश्चिक | धनलाभ |
| धनु | भाग्योदय | मकर | बेचैनी |
| कुम्भ | मनोरञ्जन | मीन | कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

WARM WISHES
FROM
Pristine Valley Dryport Pvt Ltd
Sirsiya Drypot, ICD Birgunj, Parsa, Nepal
ON THE OCCASION OF
India's 78th Independence Day

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बुक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

नेपाल सरकार
शहरी विकास मन्त्रालय
**वीरगंज नगर विकास समिति**
वीरगंज, पर्सा
फोन नं ०५१–५२३२५६

**शपिङ कम्प्लेक्स भवन तथा कोठाहरू भाडामा दिनको लागि बोलपत्र आह्वानसम्बन्धी सूचना !**

दोस्रोपटक प्रकाशित मितिः २०८१/०४/३१ गते बुधवार

यस समितिको वीरगंज घण्टाघर लिङ्करोडस्थित शपिङ कम्प्लेक्स भवनको सम्पूर्ण कोठा तथा भवन वा छुट्टाछुट्टै कोठा तथा भवन भाडामा लगाउनुपर्ने हुँदा तपसिलमा लेखिए बमोजिमका शर्तहरूको अधीनमा रही इच्छुक नेपाली व्यक्ति वा संस्थाहरूको लागि बोलपत्र आह्वान गरिएको छ।

**भाडामा लगाउने भवनसम्बन्धी विवरण**

| क्रसं/आव | शपिङ कम्प्लेक्स भवन/कोठा | मासिक न्यूनतम भाडादर | भाडा सम्झौता अवधि | बोलपत्र दस्तुर (पछि फिर्ता नहुनेगरी) |
|---|---|---|---|---|
| १/२०८१/८२ | पसल कोठा नं ३ | १६,५००/– (सोन्ह हजार पाँच सय) | २ (दुई) वर्ष | १०००/– |
| २/२०८१/८२ | पसल कोठा नं ५ | ११,०००/– (एघार हजार) | २ (दुई) वर्ष | १०००/– |
| ३/२०८१/८२ | पसल कोठा नं ६ | ११,०००/– (एघार हजार) | २ (दुई) वर्ष | १०००/– |
| ४/२०८१/८२ | पसल कोठा नं ७ | ११,०००/– (एघार हजार) | २ (दुई) वर्ष | १०००/– |
| ५/२०८१/८२ | पसल कोठा नं ८ | १३,०००/– (तेन्ह हजार) | २ (दुई) वर्ष | १०००/– |
| ६/२०८१/८२ | पसल कोठा नं ९ | १३,०००/– (तेन्ह हजार) | २ (दुई) वर्ष | १०००/– |
| ७/२०८१/८२ | दोस्रो तला | ६०,०००/– (साठी हजार) | २ (दुई) वर्ष | १०००/– |

**शर्तहरू**

१) बोलपत्र फाराम तपसिलमा उल्लिखित दस्तुर बुझाएको नगदी रसिदको साथ यो सूचना स्थानीय पत्रिकामा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयसम्म यस समितिको कार्यालयबाट दस्तुर रु १,०००।– एक हजार (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सक्नेछ।
२) बोलपत्र खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजेभित्र यस समिति कार्यालयमा बोलपत्र दर्ता गराउन सक्नेछ। उल्लिखित समयभित्र दर्ता हुन आएका बोलपत्र सोही दिन दिनको २:०० बजे बोलपत्रदाता स्वयम् वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरूको रोहबरमा समितिको कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।
३) बोलपत्र साथ आफूले कबुल गरेको अङ्कको ५ प्रतिशत रकम यस कार्यालयको वीरगंजस्थित कृषि विकास बैंक, वीरगंजमा रहेको खाता नं.०५०७४००२९९८६००१९ मा जम्मा गरेको सक्कलै भौचरको सक्कल प्रति संलग्न राख्नुपर्नेछ।
४) बोलपत्रमा आफूले कबोल गरेको अङ्क र अक्षर दुवै स्पष्टरूपले उल्लेख गर्नुपर्नेछ। केरमेट भई अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
५) बोलपत्र दाखिला गर्दा खाममा राखी सिलबन्दी खामको बाहिर यस कार्यालयको नाम र लिन चाहेको भवन, कोठा स्पष्टरूपमा खुलाउनुपर्नेछ।
६) बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय क्रमशः कायम हुनेछ।
७) बोलपत्र साथ नागरिकता प्रमाणपत्र, भवन तथा पसल कोठा कुन प्रयोजनको लागि लिने हो सो बेहोरा स्पष्ट उल्लेख गरी पान नम्बरसहितको तत्सम्बन्धी कागजपत्रहरूको प्रतिलिपि पेश गर्नुपर्नेछ।
८) प्रत्येक कोठा तथा प्रथम र दोस्रो तला भवनको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरीद गर्नुपर्नेछ।
९) यो बोलपत्रमा उल्लेख भएका कुराहरूको हकमा यसै बमोजिम र उल्लेख नभएका कुराहरूको हकमा प्रचलित कानून तथा समितिको निर्णय अनुसार भई जानेछ।
१०) बोलपत्र स्वीकृत भएपछि (आठ किस्ता बमोजिम) प्रथम किस्ता नगद जम्मा गरी बाँकी रकमको कम्तीमा १ (एक) वर्ष म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।
११) बोलपत्रसम्बन्धी कुनै विवाद भएमा वीरगंज नगर विकास समिति कार्यालयको बैठकले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ।
१२) अन्य कुनै आवश्यक कुरा बुझ्नुपरेमा समितिको कार्यालयमा सम्पर्क राखी जानकारी लिन सकिनेछ।

**नोटः–साबिक पसल कवलवालाहरूको हकमा उक्त भवन कोठा भाडामा लिनको लागि बोलपत्र भर्न चाहेमा समितिलाई तिर्न बुझाउनुपर्ने सम्पूर्ण भाडा तथा कर रकम बाँकी बक्यौता चुक्ता गरेकोले मात्र बोलपत्र प्रस्तुत गर्न पाउने जानकारीको यसै सूचनाद्वारा सूचित गरिन्छ।**

**सदस्यसचिव**



**आहाराको अभावः** खोला, पोखरीमा करेन्ट लगाएर माछा मार्ने क्रम बढेपछि बकुलाको आहारमा कमी आएको छ । करेन्टबाट भुरा माछादेखि ठूला माछाहरू बग्रेल्ती मर्ने हुँदा माछाको प्राकृतिक विकासक्रम अवरुद्ध हुने भएपछि यिनीहरूको आहारामा कमी आएको हो । वन क्षेत्रमा रहेका सिमसार, पोखरी, खोलाहरूमा करेन्ट प्रवाह गरी माछा मार्ने क्रममा बढोत्तरी भएको छ । जसले बकुलालगायत अन्य चराचुरुङ्गी सङ्कटमा परेका छन् । तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक

# १३ वर्षीया बालिकाको जबरजस्ती करणी

प्रस, निजगढ, ३० साउन/

निजगढ नगरपालिका–५ स्थित केराबारीमा १३ वर्षीया बालिकामाथि जबरजस्ती करणी भएको घटना बाहिर आएको छ ।

मङ्गलवार दिउँसो विद्यालय टिफिनको समयमा करीब एक/डेढ किलोमिटर टाढा रहेको घरबाट कापी लिई साइकलमा विद्यालयतर्फ आउँदै गर्दा एउटै मोटरसाइकलमा सवार दुईजनाले डर, धम्की देखाइ नजीकैको केराबारीमा लगी जबरजस्ती करणी गरेको पीडित बालिकाले प्रहरीलाई बताएको र घटनाको प्रारम्भिक अनुसन्धानबाट पनि देखिएको इलाका प्रहरी कार्यालय, निजगढका प्रहरी निरीक्षक सुमित कुशवाहाले बताए ।

अस्पतालमा पीडित बालिकाको स्वास्थ्य परीक्षण गर्दा जबरजस्ती करणी भएको अस्पतालले जनाएको प्रहरीले जनाएको छ । बालिकाले आफूमाथि भएको घटनाबारे अभिभावकलाई बताएपछि तत्कालै प्रहरी कार्यालयमा घटनाबारे जानकारी गराइएको थियो ।

प्रनि कुशवाहा नेतृत्वको प्रहरी टोली घटनामा संलग्न अभियुक्तहरूको खोजी कार्यमा सक्रिय भएपछि घटनामा संलग्न सोही वडाका एक युवकलाई मङ्गलवार र निजगढ नपा–४ बागदेवका अर्का युवकलाई बुधवार राति नियन्त्रणमा लिई अनुसन्धान शुरू गरिरहेको प्रनि कुशवाहाले जानकारी दिए । घटनामा संलग्न ती युवाहरू लागू पदार्थ दुर्व्यसनी रहेको प्रनि कुशवाहाले बनाए ।

# ४५ जनाको मोतीबिन्दुको निश्शुल्क शल्यक्रिया

प्रस, वीरगंज, ३० साउन/

पकाहामैनपुर गाउँपालिकाका ४५ जना ज्येष्ठ नागरिकको बुधवार मोतीबिन्दुको निश्शुल्क शल्यक्रिया गरिएको छ । समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय, पर्साको आयोजना र वीरगंज सामुदायिक आँखा अस्पतालको सहयोगमा पकाहामैनपुर गापास्थित नेरामावि मानिकपुरमा आयोजना गरिएको निश्शुल्क आँखा शिविरमा मोतीबिन्दु फेला परेका ४५ जनाको आज निश्शुल्क शल्यक्रिया गरिएको वीरगंज सामुदायिक आँखा अस्पतालका स्वास्थ्य संयोजक महेशसिंह धामीले बताए। उनले तिलगङ्गा आँखा अस्पतालको सहकार्यमा यो महीना ५०० जनाको आँखाको शल्यक्रिया निश्शुल्क गर्ने लक्ष्य रहेको बताए ।



तस्वीरः सौजन्य

मानिकपुरमा २४७ जनाको आँखा परीक्षण गर्दा ७३ जनामा मोतीबिन्दु देखिएको र उनीहरूमध्ये ४५ जनाको शल्यक्रिया भएको र बाँकीको शल्यक्रिया गर्ने क्रम जारी रहेको धामीले बताए ।




# खेलकूदको संसार

## पल्सर स्पोट्‌र्स अवार्ड भदौ अन्तिम साता

काठमाडौं, ३० साउन/रासस

नेपाली खेलकूदमा वर्षभरि उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडी एवं प्रशिक्षकलाई प्रदान गरिने 'पल्सर स्पोट्‌र्स अवार्ड' आगामी भदौमा प्रदान गरिने भएको छ ।

आगामी भदौ २८ गते आयोजना हुने २१औं संस्करणको उक्त अवार्ड विभिन्न १० विधामा उत्कृष्ट घोषित हुने खेलाडीलाई सम्मान गरिने आयोजक नेपाल खेलकूद पत्रकार मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदीले बुधवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । उनका अनुसार वर्षको उत्कृष्ट पुरुष खेलाडी, वर्षको उत्कृष्ट महिला, वर्षको उत्कृष्ट युवा, वर्षको उत्कृष्ट प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेशल अवार्ड, टीम अफ दी एयर, लाइफटाइम एचिभमेन्ट अवार्ड र एशियन स्पोट्‌र्स जर्नालिस्ट अवार्ड विधा रहनेछ ।

उक्त अवार्डका लागि आयोजक मञ्च र गोल्छा समूहबीच मुख्य प्रायोजनसम्बन्धी सम्झौता भएको छ । आयोजक मञ्चका अध्यक्ष सुवेदी र गोल्छा समूहका प्रबन्ध निर्देशक अभिमन्यु गोल्छाले उक्त अवार्डमा मुख्य प्रायोजकका रूपमा रहने विषयमा हस्ताक्षर गरे । सम्झौता अनुसार गोल्छा समूहले वर्ष खेलाडी पुरुष, महिला, युवा, पिपल्स च्वाइस र प्रशिक्षक गरी पाँच विधामा उत्कृष्ट हुने खेलाडीलाई जनही एक थान मोटरसाइकल पुरस्कार प्रदान गर्नेछ ।

त्यसैगरी, अन्य विधा टीम अफ दी एयर, लाइफटाइम एचिभमेन्ट, स्पेशल र पारा एथलिट विधाका विजेताले जनही रु एक लाख पुरस्कार पाउनेछन् । अघिल्लो संस्करणको तुलनामा यसपटक पुरस्कार राशिमा शतप्रतिशत वृद्धि गरिएको मञ्चका अध्यक्ष सुवेदीले बताए । उनका अनुसार यस अघि उक्त विधाका विजेता खेलाडीलाई जनही रु ५० हजार पुरस्कार प्रदान गरिएको थियो ।

यसपटक मञ्चले अवार्ड कार्यक्रमसँगै एशियाली खेलकूद पत्रकार महासङ्घ (एआइपिएस, एशिया)को कङ्ग्रेस पनि नेपालमैं आयोजना गर्ने भएको छ। उक्त कङ्ग्रेस आगामी भदौ २५ देखि २८ गतेसम्म हुनेछ। कङ्ग्रेसमा एशियाका ३३ देशका खेलकूद पत्रकारको सहभागिता रहने मञ्चका अध्यक्ष सुवेदीले जानकारी दिए ।

## सशस्त्र प्रहरीद्वारा महिला भलिबल खेलाडीलाई सम्मान

काठमाडौं, ३० साउन/रासस

सशस्त्र प्रहरी बल नेपालले 'काभा वुमन्स भलिबल नेशन्स लिग–२०२४' मा सहभागी भएका नेपाल एपिएफ क्लबका तीनजना महिला भलिबल खेलाडीलाई बुधवार सम्मान गरेको छ । सशस्त्र प्रहरी प्रधान कार्यालय हलचोकमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले उनीहरूलाई सम्मान प्रदान गरे ।

सम्मानित हुनेहरूमा सशस्त्र प्रहरी सहायक हवलदार सरस्वती चौधरी, निरुता ठगुन्ना र सशस्त्र प्रहरी जवान कविता भट्ट रहेका छन् । त्यस अवसरमा महानिरीक्षक अर्यालले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी भई उत्कृष्ट खेल प्रदर्शन गरेर देश र सङ्गठनको छवि उच्च राख्न खेलेको योगदानको कदरस्वरूप नगद पुरस्कारसहित सम्मान गरिएको बताए ।

यही साउन १७ देखि २३ गतेसम्म त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद्को कभर्ड हलमा लिग सम्पन्न भएको थियो। उक्त लिग तथा अन्य भलिबल प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै आएकी खेलाडी निरुता ठगुन्नालाई सशस्त्र प्रहरी जवानबाट सशस्त्र प्रहरी सहायक हवलदार पदमा बढुवा गरिएको समेत जानकारी दिइयो। ठगुन्नालाई सशस्त्र प्रहरी बल नेपाल खेलकूद तथा शारीरिक सुगठन शिक्षालयका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक रमेशकुमार पाण्डेले आजै दर्ज्यानी चिह्न प्रदान गरे ।

यस अघि २२औं सशस्त्र प्रहरी दिवस–२०७९ को अवसरमा सरस्वती चौधरीलाई सशस्त्र प्रहरी जवानबाट सशस्त्र प्रहरी सहायक हवलदार पदमा पदोन्नति गरिएको थियो ।

# एमाले पर्सा जिल्ला कमिटीमा पाँच सदस्य मनोनयन

प्रस, वीरगंज, ३० साउन/

नेकपा एमाले पर्सा जिल्ला कमिटीमा पाँचजना सदस्य मनोनीत भएका छन् ।

साउन २८ गते सम्पन्न तेस्रो विस्तारित बैठकले पाँचजना सदस्य जिल्ला कमिटीमा मनोनयन गर्नुका साथै निर्वाचन क्षेत्र समन्वय कमिटी, सचिवालय कमिटी, विभागीय जिम्मेवारी र जनवर्गीय सङ्गठनको जिम्मेवारी तोकिएको सचिव महेश दासले बताए । जिल्ला कमिटीमा मनोज कुशवाहा, ओमप्रकाश गुप्ता, वीरेन्द्र साह कानू, नरेश टिबडेवाला र श्याम गुप्ता मनोनयन भएका छन् । निर्वाचन क्षेत्र समन्वय कमिटीमा क्षेत्रगतरूपमा क्रमशः मानदेव हजरा, मनोज कुशवाहा, फरमान मियाँ र मदीस मियाँ छन्। यसैगरी, विभागीय जिम्मेवारीमा जनसङ्गठन विभाग प्रमुख मनोज गुप्ता, सङ्गठन विभाग प्रमुख महेश दास, प्रचार तथा प्रकाशन विभाग प्रमुख तथा प्रेस चौतारी नेपालको इन्चार्ज पवन तिवारी, स्थानीय विभाग प्रमुख प्रदीप चौरसिया, शिक्षा तथा मानव स्रोत विभाग प्रमुख गोकुलीकुमारी रेग्मी, युवा तथा खेलकूद विभाग प्रमुख दीपेश नेपाल, स्कूल विभाग प्रमुख अफजल हुसेन, श्रम तथा रोजगार विभाग प्रमुख सुनील चौरसिया, सहकारी विभाग प्रमुख हरेराम पटेल, खानेपानी तथा सरसफाइ विभाग अर्जुन श्रेष्ठ, जनवर्गीय सङ्गठनमा लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घ इन्चार्ज खड्गबहादुर श्रेष्ठ, नेपाल खेलकूद महासङ्घ इन्जार्ज भूमि अधिकार तथा श्रमिक सङ्गठन इन्चार्ज उषा चौधरी, पिछडा वर्ग महासङ्घ इन्चार्ज सुरेश सहनी र ट्रेड युनियन इन्चार्ज गीता भण्डारीलगायत छन् ।

**खोलामा ...**

जनाएको छ ।

खोलामा डुबेर सोही स्थान निवासी १२ वर्षीया निशाकुमारी गिरी बेपत्ता छिन्। बेपत्ता निशाकुमारीको नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय भएर खोजी गरिरहेका छन्। बेपत्ता बालिका स्थानीय अजय गिरीकी छोरी हुन्। निशासँगै घाँस काटेर फर्किएकी १५ वर्षीया पिङ्कीकुमारी गिरीलाई पनि खोलाले बगाएको थियो । उनी पौडी खेलेर बाहिर निस्कन सफल भएको प्रहरीले जनाएको छ ।

# विधेयकमा जुटेको सहमतिले लोकतन्त्र दिगो र बलियो छ भन्ने सन्देश –कानूनमन्त्री चौरसिया

काठमाडौं, ३० साउन/रासस

कानून, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले सङ्क्रमणकालीन न्याय (टिआरसी) सम्बन्धी विधेयकमा जुटेको सहमतिले देशको लोकतन्त्र दिगो र बलियो छ भन्ने सन्देश प्रवाह गरेको बताएका छन् ।



प्रतिनिधिसभाको बुधवारको बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबीन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथि भएको छलफलपछि मन्त्री चौरसियाले विधेयकलाई तार्किक निष्कर्षमा पुऱ्याउन सहयोग पुऱ्याएको भन्दै सदस्यलाई धन्यवाद व्यक्त गरेका छन् ।

उनले विधेयक निर्माणका लागि भूमिका खेल्ने सबैलाई धन्यवाद ज्ञापन गरे । "सबैले एकैस्वरमा शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउने शुद्ध भावनाका साथ संसद्‌लाई सम्बोधन गरेका छन्। यो देशको लोकतन्त्र दिगो र बलियो छ भन्ने सन्देश देशभित्र गएको छ," उनले भने, "यो ऐतिहासिक दस्तावेजलाई तार्किक निष्कर्षमा पुऱ्याउन सहयोग गरेकामा धन्यवाद व्यक्त गर्छु ।"

**धारिलो ...**

आफ्नै खेतबारीमा तरकारी उत्पादन गरेर बिक्री वितरण गर्दै आएका कोइरीको पेटमा धारिलो हतियारले प्रहार गरी फालिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

हत्या भएको आशङ्का व्यक्त गर्दै आवश्यक अनुसन्धान गरिरहेका छौं । चाँडै अभियुक्तलाई नियन्त्रणमा लिने दाबी प्रहरी उपरीक्षक घिमिरेले गरेका छन् ।

## जनसङ्ख्यालाई शक्ति र साधनको रूपमा उपयोग गरौं

- जनसङ्ख्याको असमान वितरणलाई रोकौं,
- आप्रवासीका समस्या समाधान गरौं,
- लैङ्गिक समानता कायम गरौं,
- सीमान्तकृत र लोपोन्मुख अवस्थामा रहेका जनसङ्ख्याको संरक्षण गरौं,
- व्यवस्थित बसोबास गरौं र गराऔं,
- अव्यवस्थित बसोबासबाट पर्यावरणमा पर्ने प्रभाव न्यूनीकरण गरौं,
- बस्ती विकासलाई व्यवस्थित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |